'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : ३०२ ★ ने. सं. ११४७ कछला थ्व, द्वादशी ★ शनिबार ★ ५ मङ्सिर, २०८३ ★ November 21, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

चीन, रुस र अमेरिकाका राष्ट्रप्रमुखहरूको शान्ति घोषणापत्र सार्वजनिक



शेनचेन, २० नोभेम्बर (सिन्हुवा)। चीनका राष्ट्राध्यक्ष सी चीनफिङ, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२६ नोभेम्बर १९ का दिन शेनचेनमा भेटवार्ता गर्नुभयो। रुसी र अमेरिकी नेताहरूले यो ऐतिहासिक भेटवार्ताको आयोजना गरेकोमा चीनप्रति धन्यवाद व्यक्त गर्नुभएको छ। यी तीन देशका राष्ट्रप्रमुखहरूले वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिबारे गहन विचार विमर्श गर्नुभएको छ र रणनीतिक स्थिरता तथा अन्तर्राष्ट्रिय सुरक्षा कायम राख्न प्रतिबद्धता जनाउनुभएको छ।

१. चीन, रुस र अमेरिका संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्का स्थायी सदस्यका रूपमा विश्वव्यापी चुनौतीहरूको अझ प्रभावकारी सामना गर्न र अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा कायम राख्ने आफ्नो आधारभूत जिम्मेवारी पूरा गर्न संयुक्त राष्ट्र सङ्घको सुधारलाई अघि बढाउन प्रतिबद्ध छन्।

२. तीन देशले विश्वका सबै देशको हितका लागि परिष्कृत पेट्रोलियम पदार्थको उत्पादन र आपूर्ति बढाउने योजना बनाएका छन्। तीन देशले ऊर्जाको स्थिर प्रवाहको महत्त्व दोहोऱ्याएका छन्।

३. तीन देशका राष्ट्रप्रमुखहरूले मुलुकको सहमतिको सिद्धान्त र मुलुकका अधिकारीहरूको उन्मुक्तिको सम्मान अत्यन्त महत्त्वपूर्ण रहेको स्वीकार गर्दै अन्तर्राष्ट्रिय फौजदारी अदालत तथा अन्य समान निकायहरूले आफ्नो अधिकार क्षेत्रको दुरूपयोग गर्न नहुनेमा सहमत भएका छन्।

४. तीन देशका राष्ट्रप्रमुखहरूले आणविक युद्धमा कसैले जित्न नसक्ने र लड्न पनि नहुने कुरा दोहोऱ्याउनुभएको छ। तीन देशले आणविक जोखिम घटाउने र आणविक अप्रसार रोक्ने विषयमा वार्ता गर्नेछन्।

चिनियाँ राष्ट्राध्यक्ष सी चीनफिङले शनचनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग त्रिपक्षीय भेटवार्ताले अन्तर्राष्ट्रिय जगतमा व्यापक ध्यानाकर्षण गर्नुभयो।

विश्वभरका इन्टरनेट प्रयोगकर्ताहरूमाझ सीजीटीएनद्वारा गरिएको एक सर्वेक्षणका अनुसार ८८.३ प्रतिशत सहभागीहरू चीन, रुस र संयुक्त राज्य अमेरिकाबिच दीर्घकालीन शान्तिपूर्ण सहअस्तित्वको पक्षमा छन्। सोही सङ्ख्याका सहभागीहरू पनि शान्ति वार्ता तथा सम्झौताहरूलाई अघि बढाउन र अन्तर्राष्ट्रिय स्थिरता कायम राख्न प्रमुख शक्ति राष्ट्रहरूको भूमिका अपरिहार्य हुने ठान्दछन्। आपसी सम्मान प्रमुख राष्ट्रहरूबिचको सम्बन्धको आधारभूत सिद्धान्त हो। विभिन्न राष्ट्रहरूबिच शान्तिपूर्ण सहअस्तित्वका लागि एक मुख्य पूर्वसर्त पनि सम्मान नै हो। सर्वेक्षणमा ९३.४ प्रतिशत सहभागीहरू आपसी सम्मान, मतभेदहरूलाई पन्छाएर साझा आधारको खोजी र सामूहिक विकासतर्फ अघि बढ्ने प्रयासहरूले प्रमुख राष्ट्रहरूबिचको नयाँ प्रकारको सम्बन्धलाई निर्देशित गर्नुपर्ने विचार राख्दछन्।

सर्वेक्षणमा ८८.६ प्रतिशत सहभागीहरूले प्रमुख राष्ट्रहरूबिच स्थिर सम्बन्ध कायम राख्न आर्थिक तथा व्यापारिक सहयोगले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दछन्। साथै, ८९.९ प्रतिशतले प्रमुख राष्ट्रहरूबिच असहमतिहरू हुनु स्वाभाविक भए पनि आपसी सञ्चार तथा रोकथाम संयन्त्रहरू स्थापना गर्नुपर्ने ठान्दछन्। गलत बुझाइलाई कम गरेर असहमतिहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न यस्ता संयन्त्र प्रयोग हुनसक्ने र आपसी तनाव घटाउन सकिने उनीहरूको धारणा छ।

नगर प्रमुख प्रजापतिद्वारा परीक्षा समितिका पदाधिकारीहरूलाई शपथग्रहण



भक्तपुर, ४ मङ्सिर। नगर शिक्षा समिति भक्तपुरले शुक्रबार भक्तपुर नगरपालिकाभित्र अध्ययनरत विद्यार्थीहरूको परीक्षा सञ्चालनमा समन्वय तथा आवश्यक व्यवस्था गर्न गठित ११ सदस्यीय परीक्षा पदाधिकारीहरूलाई पद तथा गोपनीयताको शपथग्रहण गराएको छ।

भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४ को परिच्छेद ६, दफा १५ बमोजिम भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंको अध्यक्षतामा गठित परीक्षा पदाधिकारीहरूलाई नगर प्रमुख सुनिल प्रजापतिले पद तथा गोपनीयताको शपथग्रहण गराउनुभएको हो।

उक्त समितिमा अध्यक्षमा योगेन्द्रमान बिजुक्छें, सदस्यहरूमा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, सार्वजनिक माध्यमिक विद्यालय, संयुक्त परीक्षा समितिका न्हुछेबहादुर खाताखो, सामुदायिक माध्यमिक विद्यालय, सामुदायिक परीक्षा समितिका राम हाडा, संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) का कृष्णराम त्वानाबासु, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपालका शिवकुमार कोजु, राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसियसन नेपालका विश्वराम दुवाल, आधारभूत विद्यालय समितिका दीपक माक, शिक्षा शाखाका राजेन्द्र दुमरु र सदस्य सचिवमा रामेश्वर मचामसी रहनुभएको छ।

उक्त शपथग्रहण कार्यक्रममा प्रमुख प्रजापतिले नगरपालिकाले सञ्चालन गर्ने परीक्षालाई स्वच्छ, मर्यादित एवम् अनुशासित रूपमा सम्पन्न गर्न निर्देशन दिनुभयो।

व्यङ्ग्यचित्र कुनो



कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १७६

राष्ट्रिय अनुसन्धानतर्फको सुधार

चुस्त दुरुस्त रहनु पर्ने NID जस्तो संस्था किन कमजोर भयो ? यसमा निम्न कारण देखिन्छन् :

राष्ट्रिय अनुसन्धान विभाग मुलुकको एकमात्र इन्टेलिजेन्स संस्था हो। यस संस्थालाई समय सापेक्ष सबल, सक्षम र व्यावसायिक बनाउन विभागीय रूपमा पटकपटक पहल गरिए तापनि हरेक परिवर्तनपछि बनेका सरकारले बेवास्ता गरेका कारण समयक्रमसँगै यसको विकास हुन सकेको छैन।

'राम्रो होइन हाम्रो' भन्ने कुसंस्कृतिले यस संस्थालाई पनि नराम्रोसँग गिजोलेको छ। नेपालको इन्टेलिजेन्स निकायको विद्यमान अवस्थालाई हेर्दा हाल करिब २२ सय कर्मचारीमा सीमित यस संस्थामा पछिल्लो २० वर्षयता न त कुनै जनशक्ति थप भएको छ न त बजेटमा बढोत्तरी गरिएको छ। राष्ट्रको कुल बजेटको ०.१ प्रतिशत र सुरक्षा निकायको कुल बजेटको १.० प्रतिशत बजेट यस संस्थामा विनियोजित भएको अवस्था छ।

४० वर्षअगाडि बनेको ऐनको आधारमा संस्था सञ्चालनमा रहेको छ भने विश्व परिवेशमा बढ्दै गइरहेको काउन्टर इन्टेलिजेन्स सञ्चालन गर्नबाट संस्थालाई वञ्चित गरिँदै आएको छ।

पेसाको मर्मअनुरूप विगतमा अभ्यासमा रहेको ल्याटरल इन्ट्रि बन्द हुँदा कोर इन्टेलिजेन्स कार्य सञ्चालन गर्न कठिनाइ भएको छ। प्रविधिको द्रुत विकाससँगै इन्टेलिजेन्सका आयामहरू बृहत् र जटिल बन्दै गए पनि सो अनुरूपको जनशक्ति तयार तथा प्रविधि उपयोग गर्न नसकिएको अवस्था छ। भारतबाहेक अन्य मुलुकमा कूटनीतिक आवरणमा इन्टेलिजेन्स परिचालन नहुँदा बाह्य क्षेत्रबाट सूचना प्राप्ति र समन्वय हुन नसकेको अवस्था छ।

बाँकी पृष्ठ ८ मा

पुँजीवादी व्यवस्थाको नेतृत्व गरेर समाजवाद स्थापना नहुने

काठमाडौं, ४ मङ्सिर। कुनै पनि कम्युनिस्ट पार्टीको लक्ष्य सरकारको नेतृत्व मात्र परिवर्तन गर्नु होइन व्यवस्थै बदल्नु हो। पुँजीवादी व्यवस्था पल्टाएर समाजवादी व्यवस्था ल्याउनु हो। तर, नेपालका कति कम्युनिस्ट भनिने दलका नेताहरू निर्वाचनमा जितेर सरकारमा जाने मात्र कुरा गर्छन्। पुँजीवादी व्यवस्थामा गएर समाजवाद स्थापना हुँदैन; आमूल परिवर्तन हुँदैन। पुँजीवादी व्यवस्थामा गएर पुँजीपति, सामन्त, प्रतिक्रियावादीहरूको सेवा गर्नु कम्युनिस्ट पार्टीको लक्ष्य होइन; पुँजीवादी व्यवस्थालाई मलजल गरेर समाजवाद स्थापना हुँदैन। पुँजीवादी व्यवस्थालाई बलियो बनाउन कम्युनिस्ट पार्टी खोल्दैन। समाजवादी बाटोमा नजाने दलले पुँजीवादी व्यवस्थामा गएर पुँजीपतिवर्गको सेवा गर्नु स्वाभाविक हो। एमालेको राष्ट्रिय कार्यकर्ता भेलामा एक नेताले सरकारमा गएरै देशलाई समृद्ध र नेपालीलाई सुखी बनाउने बताए। मानौं त्यो नै एमालेको समाजवादी धारणा हो।

कम्युनिस्टहरू आमूल परिवर्तनको निम्ति सङ्घर्ष गर्छन्। सङ्घर्ष गर्न देशका बहुमत जनतालाई राजनीतिक, वैचारिक र सांस्कृतिक रूपले सचेत र सङ्गठित गर्नुपर्छ। त्यसको लागि कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार जनताको घर-आँगन या बस्ती-बस्तीमा पुऱ्याउनुपर्छ। कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार जनताको बस्ती बस्तीमा नपुऱ्याइकन जनता सचेत र सङ्गठित हुँदैनन्। पार्टीको महाधिवेशन, सम्मेलन, सभा-बैठक र राष्ट्रिय भेलामा दलका शीर्ष नेताहरूले दलको सिद्धान्त र विचारबारे कार्यकर्तालाई सुसूचित गर्नैपर्छ; अन्तर्राष्ट्रिय परिस्थितिबारे बताउनैपर्छ। यस्तो काम कम्युनिस्ट पार्टीले त झनै गर्नुपर्छ। कम्युनिस्ट पार्टीले पार्टीको सम्मेलन र राष्ट्रिय कार्यकर्ता भेलामा सिद्धान्त र विचारअनुसार राजनीति गर्न प्रेरित गरेन भने अरु बेला कहिले गर्छ ? राष्ट्रिय कार्यकर्ता भेलाको ध्येय निर्वाचनमा जित्ने र सरकारको नेतृत्व गर्ने भन्ठान्नु गलत हुनेछ। कम्युनिस्ट भनिने पार्टीले पुँजीवादी व्यवस्थाको सरकारको नेतृत्व गरेर देशमा आमूल परिवर्तनको बाटो छोड्ने या भुल्ने कुरा एमालेलाई सुहाउँदैन।

प्रश्न उठ्छ, के कम्युनिस्ट पार्टीको उद्देश्य चुनावमा भाग लिने र सरकारमा

बाँकी पृष्ठ ८ मा

नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको दोस्रो दिनका खेलहरू



नगर प्रमुख सुनिल प्रजापतिबाट सैनिक आवासीय महाविद्यालयका फूटबल खेलाडीलाई म्यान अफ द म्याचको ट्रफी वितरण गर्नुहुँदै



उपप्रमुख रजनी जोशीबाट श्री पद्म मा.वि.का फूटबल खेलाडीलाई म्यान अफ द म्याचको ट्रफी वितरण गर्नुहुँदै



जिम्न्यास्टिक खेलमा पुरस्कृत नोभिस् खेलाडीहरूसँग भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्र



भनपा-३ नासमनामा भएको उसु खेल



भनपा-९ दत्तात्रयमा भएको करौंते खेल



भनपा-१० लामगाल चौरमा भएको खो खो खेल



भनपा-५ भेलुखेलमा भएको तेक्वान्डो खेल



भनपा-७ महेश्वरी खेल मैदानमा भएको फूटबल खेल



भनपा-८ लिबाली कभर्ड हलमा भएको जिम्न्यास्टिक खेल

नगरव्यापी विद्यालयस्तरीय फूटबल प्रतियोगिताको क्वाटरफाइनल खेल शनिबारबाट सुरु हुने

भक्तपुर, ४ मङ्सिर । भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत महेश्वरी खेलमैदान चालू भएको फूटबल प्रतियोगिताको दोस्रो दिन शुक्रबार चारवटा खेल सम्पन्न भयो ।

दोस्रो दिनको पहिलो खेलमा सैनिक आवासीय माविका निरज अधिकारीले एक तथा निकेश घलेले दुई गोल गरेर अग्रता दिए । दोस्रो हाफमा सैनिक आवासीय माविका निकेश घले, संविधान राणा, प्रज्वल शाही ठकुरी तथा कुशल दुलालले एक/एक गोल गरे भने बाल विकास सेकेन्डरी स्कूलले कुनै पनि गोल गर्न सकेन । यससँगै सैनिक आवासीय माविले ०-७ गोल अन्तरले खेल जित्यो । उक्त खेलमा सैनिक आवासीय माविका जर्सी नं. ९ का निकेश घले म्यान अफ द माच घोषित भए ।

दोस्रो खेलमा ख्वप्रिङ इङलिश एकेडेमी र प्रोक्सिमा इन्टर नेसनल इङलिश सेकेन्डरी स्कूलबिच प्रतिस्पर्धा भयो । पहिलो हाफमा प्रोक्सिमा इन्टर नेसनल इङलिश सेकेन्डरी स्कूलका आकाश लामाले एक गोल गरे भने ख्वप्रिङ इङलिश एकेडेमीका आर्यन प्रधानले एक गोल गरी बराबरी गरे । दोस्रो हाफमा ख्वप्रिङ इङलिश एकेडेमीका आर्यन प्रधान र सम्राट खड्काले एक/एक गोल थप गरी अग्रता दिए । यससँगै ख्वप्रिङ इङलिश एकेडेमीले १-३ गोल अन्तरले खेल जित्यो । उक्त खेलमा ख्वप्रिङ इङलिश एकेडेमीका जर्सी नं. ६ का आर्यन प्रधान म्यान अफ द माच घोषित भए ।

तेस्रो खेलमा प्रभात इङलिश सेकेन्डरी स्कूल र वागीश्वरी मावि तथा पद्म मावि र अक्सफोर्ड प्राक्टिकल सेकेन्डरी स्कूलबिच प्रतिस्पर्धा भयो । पहिलो हाफमा वागीश्वरी माविका सुशांख्य ठकुरीले एक गोल गरे । दोस्रो हाफमा भने प्रभात इङलिश सेकेन्डरी स्कूलका विनम सुवाल र स्वरूप सुलुले एक/एक गोल गरे । यससँगै प्रभात इङलिश सेकेन्डरी स्कूलले १-२ गोल अन्तरले खेल जित्यो । उक्त खेलमा प्रभात इङलिश सेकेन्डरी स्कूलका गोलकिपर जर्सी नं. १ का रोहित दुवाल म्यान अफ द माच घोषित भए ।

दोस्रो दिनको अन्तिम खेल पद्म मावि र अक्सफोर्ड प्राक्टिकल सेकेन्डरी स्कूलबिच भयो । पहिलो हाफमा पद्म माविका सागर तिरुवाले दुई तथा प्रवल तामाङले एक गोल गरे । अक्सफोर्ड प्राक्टिकल सेकेन्डरी स्कूलले भने गोल गर्न सकेन । यससँगै पद्म माविले ०-३ गोल अन्तरले खेल जित्यो । उक्त खेलमा पद्म माविका जर्सी नं. ७ का सागर तिरुवा म्यान अफ द माच घोषित भए ।

फूटबल प्रतियोगिताको तेस्रो दिन शनिबार पहिलो दिनको खेलमा जितेका सरस्वती विद्यागृह मावि र मिनर्वा इङलिश सेकेन्डरी स्कूलबिच पहिलो क्वाटरफाइनल खेल हुनेछ भने समता शिक्षा निकेतन र साइनिङ स्टुडेन्ट इङलिश सेकेन्डरी स्कूलबिच दोस्रो क्वाटरफाइनल खेल हुनेछ ।

फूटबल प्रतियोगिताको तेस्रो दिन शनिबार पहिलो दिनको खेलमा जितेका सरस्वती विद्यागृह मावि र मिनर्वा इङलिश सेकेन्डरी स्कूलबिच पहिलो क्वाटरफाइनल खेल हुनेछ भने समता शिक्षा निकेतन र साइनिङ स्टुडेन्ट इङलिश सेकेन्डरी स्कूलबिच दोस्रो क्वाटरफाइनल खेल हुनेछ ।

फूटबल प्रतियोगिताको चौथो दिन आइतबार दोस्रो दिनको खेलमा जितेका सैनिक आवासीय मावि र ख्वप्रिङ इङलिश एकेडेमीबिच तेस्रो क्वाटरफाइनल खेल हुनेछ भने प्रभात इङलिश सेकेन्डरी स्कूल पद्म माविबिच चौथो क्वाटरफाइनल खेल हुनेछ ।

नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत ब्याडमिन्टन प्रतियोगिता आइतबारदेखि हुने

त्यस्तै भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर ३ गतेदेखि ९ गतेसम्म नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत मङ्सिर ६ गते आइतबारदेखि ८ गते मङ्गलबारसम्म ब्याडमिन्टन प्रतियोगिता लिबाली कभर्डहलमा सञ्चालन हुँदैछ ।

प्रतियोगितामा कक्षा ६ देखि ८ सम्मको छात्र ब्याडमिन्टन इभेन्टमा ४ वटा निमाविबाट ६ जना, ५ वटा माविबाट ९ जना तथा ९ वटा निजी र आवासीय विद्यालयबाट १६ जना गरी १८ विद्यालयबाट ३१ जना छात्रहरूको प्रतिस्पर्धा हुनेछ ।

कक्षा ६ देखि ८ सम्म छात्रा ब्याडमिन्टन इभेन्टमा ३ वटा निमाविबाट ४ जना, ४ वटा माविबाट ६ जना तथा ५ वटा निजी र आवासीय विद्यालयबाट ६ जना गरी ११ वटा विद्यालयबाट १६ जना छात्राहरूको प्रतिस्पर्धा हुनेछ ।

त्यस्तै, कक्षा ९/१० छात्र ब्याडमिन्टन इभेन्टमा ८ वटा माविबाट १३ जना तथा १३ वटा निजी तथा आवासीय विद्यालयबाट २१ जना गरी २१ वटा विद्यालयबाट ३४ जना छात्रहरूको प्रतिस्पर्धा हुनेछ ।

त्यस्तै, कक्षा ९/१० छात्रा ब्याडमिन्टन इभेन्टमा ५ वटा माविबाट ७ जना तथा ७ वटा निजी तथा आवासीय विद्यालयबाट १० जना गरी १२ वटा विद्यालयबाट १७ जना छात्राहरूले प्रतिस्पर्धा गर्नेछ ।

त्यस्तै, कक्षा ११/१२ छात्र ब्याडमिन्टन इभेन्टमा ४ वटा सामुदायिक माविबाट ७ जना तथा २ वटा निजी माविबाट ३ जना गरी ६ वटा विद्यालयका १० जना छात्रले प्रतिस्पर्धा गर्नेछन् भने कक्षा ११/१२ कै छात्रा इभेन्टमा ३ वटा सामुदायिक माविबाट ५ जना तथा २ वटा निजी माविबाट ३ जना गरी ३ वटा विद्यालयबाट ८ जना छात्राले प्रतिस्पर्धा गर्नेछन् ।

ब्याडमिन्टन प्रतियोगिताको ६ वटा इभेन्टमा निमावि ४ वटा, मावि ८ तथा निजी र आवासीय १९ विद्यालय गरी जम्मा ३१ वटा विद्यालयका ११६ जना विद्यार्थीले प्रतिस्पर्धा गर्नेछन् ।

पहिलो दिन २५ वटा खेल, दोस्रो दिन २१ वटा खेल, तेस्रो एवं अन्तिम दिन ६ वटा सेमिफाइनल तथा ६ वटा फाइनल गरी जम्मा १२ वटा खेल हुनेछ ।

अन्तिम दिनको सेमिफाइनल खेलमा कक्षा ६-७ को छात्र र छात्राको २/२ खेल, कक्षा ९/१० को छात्र र छात्राको २/२ खेल तथा कक्षा ११/१२ को छात्र र छात्राको २/२ खेल गरी १२ वटा सेमिफाइनल खेल सञ्चालन हुनेछ ।

त्यस्तै, अन्तिम दिनको फाइनल खेलमा कक्षा ६-७ को छात्र र छात्राको १/१ खेल, कक्षा ९/१० को छात्र र छात्राको १/१ खेल तथा कक्षा ११/१२ को छात्र र छात्राको १/१ खेल गरी ६ वटा सेमिफाइनल खेल सञ्चालन हुनेछ ।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकूद प्रतियोगिताको दोस्रो दिन २०८३ मंसिर ४ गते सम्मको पदक तालिका

(उसु र करातेका सम्पूर्ण इभेन्टहरूको मेडलहरू समावेश गरिएको)

सिनं.	विद्यालयको नाम	स्वर्ण	रजत	कास्य	जम्मा
१	मेधा मा. वि.	१४	१०	६	३०
२	एभरेष्ट इ. स्कुल	७	७	१६	३०
३	साइनिङ इ. एकेडेमी	५	७	११	२३
४	वागीश्वरी मा. वि.	३	५	६	१४
५	माउन्ट भ्याली इ. स्कुल	२	२	९	१३
६	ख्वप्रिङ इ. एकेडेमी	२	२	१	५
७	बासु मा.वि.	२	१	१	४
८	शारदा मा.वि.	२	१	१	४
९	डेमोस इ. स्कुल	२		३	५
१०	आदर्श आजाद मा.वि.	२			२
११	केयर किन्डर वल्ड	१	१	२	४
१२	पारागन एकेडेमी	१	१		२
१३	जेन्युइन इ.से.स्कुल	१		४	५
१४	होली गार्डेन इ.स्कुल	१		१	२
१५	गोल्डेन गेट इ.से.स्कुल	१			१
१६	ख्वप मा.वि.	१			१
१७	सैनिक आवासिय महाविद्यालय	१			१
१८	सनसाइन नेसनल स्कुल	१			१
१९	बाल विकास इ.से.स्कुल		४	५	९
२०	कमलबिनायक किन्डरगार्टन		१	३	४
२१	हिमालयन इ.से.स्कुल		१	२	३
२२	प्रभात इ.से.स्कुल		१	१	२
२३	महेन्द्र विद्या आश्रम		१		१
२४	मिनर्वा इ.स्कुल		१		१
२५	पद्म मा.वि.		१		१
२६	विद्यार्थी निकेतन मा.वि.		१		१
२७	भक्तपुर मोडर्न इ.से.स्कुल			१	१
२८	विद्या आर्जन से.स्कुल			१	१

सङ्क्षिप्त समाचार

पर्वतारोहणबाट ३३ करोड ४२ लाख आम्दानी

काठमाडौँ, ४ मङ्सिर । सरकारले चालु आवमा १८८ टोलीलाई ४८ वटा हिमाल आरोहणको अनुमति दिएर रु. ३३ करोड ४२ लाख ३४ हजार २२६ राजस्व सङ्कलन गरेको छ ।

मनास्लु आरोहणका लागि अनुमति लिएका ४३ टोलीका ५०० जनाबाट रु. २२ करोड ५८ लाख ५७ हजार १८९, धौलागिरि-१ आरोहणमा जाने ३७ जनाबाट रु. ८४ लाख ७३ हजार ६५० र मकालु आरोहण गर्ने तीन आरोहीबाट रु. छ लाख ८८ हजार ५० राजस्व प्राप्त भएको हो ।

यसैगरी, हिम्लुङ आरोहण दलका १३० जनाबाट रु. ७९ लाख ७४ हजार २० र आमादब्लम आरोहणका टोलीका ४७६ जना आरोहीले रु. सात करोड १३ लाख ४७ हजार १०० सलामी दस्तुर राज्यकोषमा दाखिला गरेका छन् ।

आयोगले थाल्यो स्थानीय निर्वाचनको तयारी, आज दलहरूसँग छलफल

काठमाडौँ, ४ मङ्सिर । निर्वाचन आयोग स्थानीय तहको चुनावको तयारीमा जुटेको छ । निर्वाचनको तयारीस्वरूप आयोगले राजनीतिक दलहरूसँग छलफल एवं परामर्श सुरु गरेको हो ।

आयोगले आज नै विभिन्न राजनीतिक दलहरूसँग छलफल सुरु गर्ने भएको जनाएको छ । सो प्रयोजनका लागि राष्ट्रिय राजनीतिक दलका प्रतिनिधिहरूलाई आज आयोगले छलफलका लागि आमन्त्रण गरेको छ ।

आयोगले आज बिहान ११:३० बजे दलका नेताहरूलाई छलफलका लागि बोलाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आजका लागि राजनीतिक दलहरूलाई छलफलमा बोलाइएको जानकारी दिनुभयो ।

प्रवक्ता भट्टराईले भन्नुभयो, "स्थानीय तहको निर्वाचनका विषयमा छलफलका लागि नै उहाँहरूलाई आयोगमा आमन्त्रण गरिएको हो ।"

राष्ट्रिय दलको मान्यता प्राप्त दलहरूलाई आज छलफलका लागि आयोगमा आमन्त्रण गरिएको उहाँले बताउनुभयो । स्थानीय एवं प्रदेश तहको निर्वाचनका सन्दर्भमा आयोगमा आज ती राजनीतिक दलका प्रतिनिधिहरूसँग आवश्यक परामर्श एवं छलफल हुने भएको हो ।

प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन् । स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल आगामी वैशाखमा पूरा हुँदैछ । त्यसैले आयोगले नयाँ निर्वाचनको मिति घोषणा र निर्वाचनको तयारीका सन्दर्भमा गृहकार्य थालेको हो ।

निर्वाचनको मिति तथा व्यवस्थापन, आवश्यक पूर्वतयारीका सम्बन्धमा राजनीतिक दलहरूको सुझावका लागि सो छलफल गर्न लागिएको आयोगले जनाएको छ । आयोगले राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूसँगको छलफलपछि आयोगमा दर्ता भएका अरु राजनीतिक दलहरूसँग पनि छलफल गर्ने कार्यक्रम तय गरेको छ । ***(रासस)***

सार्वजनिक शौचालयलाई अनिवार्य सेवाका रूपमा सञ्चालन गर्न निर्देशन

काठमाडौँ, ४ मङ्सिर । काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले सार्वजनिक शौचालयलाई अत्यावश्यक, आधारभूत र अनिवार्य सेवाका रूपमा सञ्चालन गर्ने निर्देशन दिनुभएको छ ।

कार्यवाहक प्रमुख डङ्गोलले सहरी योजना आयोगले सहरभित्रका सार्वजनिक शौचालयको विद्यमान अवस्था र व्यवस्थित सञ्चालन आवश्यकताका विषयमा गरेको अध्ययन प्रतिवेदनले औँल्याएको अवस्थामा जानकारी लिँदै स्वच्छ, सुरक्षित, व्यवस्थित, समावेशी र सबै नागरिकको पहुँचयोग्य बनाउने कामलाई प्राथमिकता दिन निर्देशन दिनुभएको हो ।

आयोगले हाल १६९ वटा सार्वजनिक शौचालयको अवस्था, सञ्चालन प्रणाली, भौतिक संरचना, सरसफाइ, पानीको उपलब्धता र अपाङ्गता भएका व्यक्तिमैत्री सुविधाको अध्ययन गर्दा शौचालयमा सुधारको आवश्यकता देखाएको छ । अध्ययनले शौचालयको सङ्ख्या बढाउनेभन्दा भएका संरचनालाई नियमित, गुणस्तरीय र प्रयोगकर्तामैत्री बनाउने कामलाई प्राथमिकतामा राख्न सुझाएको छ । शौचालय सञ्चालन भएका विद्यमान संरचनालाई मर्मत, स्तरोन्नति र पुनःनिर्माणबाट शौचालयको सुविधालाई व्यवस्थित गर्न सकिने अध्ययनको निष्कर्ष छ ।

महानगरपालिकाको आग्रहमा पेट्रोल पम्पहरूले सञ्चालन गरेका शौचालयको स्वच्छता बढेको, प्रयोगकर्तामैत्री बन्दै गएकोमा पम्प सञ्चालकप्रति आभार व्यक्त गर्दै कार्यवाहक प्रमुख डङ्गोलले भन्नुभयो, "हरेक सार्वजनिक शौचालयलाई महिलामैत्री, बालमैत्री, पहुँचयुक्त बनाउनुपर्छ । यो दायित्व इमान्दारिताका साथ बहन गरौँ ।"

अध्ययनले सार्वजनिक शौचालयको निर्माण तथा जग्गाको स्वामित्व, स्थानगत आवश्यकता पहिचान गर्दै नयाँ शौचालय निर्माणका लागि स्थान छनोट गर्दा जग्गाको उपलब्धता मात्र नभई पैदल तथा सवारी पहुँच, पानी, ढल निकास, प्रयोगकर्ताको चाप र सञ्चालनको सम्भाव्यतालाई आधार बनाउनुपर्छ अध्ययनको सुझाव छ ।

यसरी प्राप्त भएको सुझावलाई तत्काल, मध्यकाल र दीर्घकालमा सञ्चालन गर्ने कामलाई कार्ययोजनामार्फत विभाजन महानगरपालिकाले सुधारको काम थालेको छ । ***(रासस)***



धान खेती : ताप्लेजुङको सिरीजङ्घा गाउँपालिका-७, खेवाङमा पाकेर पहेँलपुर बनेको धानबाली । पहाडी क्षेत्रमा यतिबेला धान पाक्ने र भित्र्याउने चटारो छ ।

तस्बिरः सन्तोष पुर्कुटी/रासस

हाइड्रो हेरिटेज पर्यटनको गन्तव्य फर्पिङ

- कमलकुमार बस्नेत

काठमाडौँ, ४ मङ्सिर । दक्षिणकाली नगरपालिकामा पर्ने फर्पिङ इतिहास, प्रकृति र संस्कृतिका दृष्टिले महत्त्वपूर्ण छ । यस ठाउँमा राणाकालीन समयमा निर्मित इँटाको पावरहाउस छ । यही हो, नेपालको पहिलो जलविद्युत् केन्द्र, चन्द्रज्योति विद्युत् गृह । जुन अहिले फर्पिङ जलविद्युत् केन्द्रका रूपमा परिचित छ । पावरहाउसमा पुराना पेल्टन टर्बाइन, जेनेरेटर र अन्य यन्त्रहरू संरक्षित छन् ।

दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेतका अनुसार फर्पिङ घुम्न जानेका लागि ऐतिहासिक जलविद्युत् केन्द्रसँगै शेषनारायण मन्दिर र त्यहाँका कुण्ड, गुरु पद्मसम्भवसँग सम्बन्धित असुर गुफा र बौद्ध गुम्बाहरू पनि आकर्षक गन्तव्य बन्न सक्छन् । यस यात्रामा दक्षिणकाली मन्दिरलाई पनि समेट्न सकिन्छ ।

राणा प्रधानमन्त्री चन्द्रशमशेरको शासनकालमा योजना अघि बढेको चन्द्रज्योति विद्युत् गृह १९६८ जेठ ९ गते उद्घाटन भएको हो । पाँच सय किलोवाट क्षमताको यो आयोजना नेपालको पहिलो जलविद्युत् केन्द्र हो । केन्द्रले चीनको पहिलो जलविद्युत् केन्द्र शिलोंग्बाभन्दा करिब एक वर्षअघि बिजुली उत्पादन सुरु गरेको थियो । शिलोंग्बा सन् १९१२ मा ४८० किलोवाट क्षमतामा सञ्चालनमा आएको थियो । भारतमा भने त्यसअघि नै सन् १८९७ मा १३० किलोवाटको सिद्रापोङ र सन् १९०२ मा चार हजार ५०० किलोवाटको शिवसमुद्रम आयोजना सञ्चालनमा आइसकेका थिए ।

आयोजनाको योजना बनाउने काममा नेपाली इन्जिनियर कर्णेल किशोर नरसिंह राणाको नेतृत्व थियो । कुमार नरसिंह राणा पनि निर्माण कार्यमा संलग्न हुनुहुन्थ्यो । बेलायती इन्जिनियरले विस्तृत लागत अनुमान र उपकरण जडानमा काम गरे भने जनरल पद्मशमशेरले निर्माणको समग्र निरीक्षण गर्नुभएको थियो । नेपाली कामदार र केही भारतीय प्राविधिकको संलग्नतामा मुख्य निर्माण करिब २० महिनामा पूरा भएको थियो ।

आयोजनामा रु. सात लाख १३ हजार २७३ खर्च भएको अभिलेख छ । त्यसमध्ये रु. तीन लाख ६७ हजार ९८४ नेपालभित्रै खर्च भएको थियो । टर्बाइन र जेनेरेटर बेलायत सरकारबाट अनुदानमा प्राप्त भएकाले तिनको मूल्य उक्त लागतमा समावेश थिएन । आवश्यक उपकरण बेलायतबाट कलकत्ता, भीमफेदी हुँदै फर्पिङसम्म ल्याइएको थियो ।

सातमूले र शेषनारायण क्षेत्रका मुहानबाट ल्याइएको पानी जम्मा गर्न २०० फिट व्यास र १८ फिट गहिराइको गोलाकार जलाशय बनाइएको थियो । त्यसको पानी सञ्चय क्षमता पाँच लाख २८ हजार ७८३ घनफिट छ ।

जलाशयबाट दुई हजार ५३८ फिट लामो र २० इन्चको पाइप हुँदै पानी पावरहाउससम्म पुऱ्याइयो । पानीको बलले २५०-२५० किलोवाटका दुई पेल्टन टर्बाइन घुमाउँथ्यो । जेनेरेटरबाट उत्पादित तीन फेजको ३.३ किलोभोल्ट विद्युत् ट्रान्सफर्मरमार्फत ११ किलोभोल्टमा बढाएर प्रसारण गरिन्थ्यो । काठ र स्टिलका पोलमा टाँगिएको करिब छ माइल लामो लाइनले फर्पिङको बिजुली टुँडिखेलसम्म पुऱ्याएको थियो ।

विसं १९६८ जेठ ९ गते साँझ टुँडिखेलमा उद्घाटन समारोह आयोजना गरिएको थियो । तत्कालीन राजा पृथ्वीवीरविक्रम शाहले साँझ करिब ६:३० बजे बत्ती बालेर चन्द्रज्योति विद्युत् गृहको उद्घाटन गर्नुभएको थियो । त्यसपछि टुँडिखेल क्षेत्रमा एक सातासम्म बत्ती बालिएको थियो । सुरुका वर्षमा भने यस केन्द्रको बिजुली मुख्यतः राजपरिवार, राणा परिवार र पहुँच भएका स्थानमा सीमित थियो ।

फर्पिङ जलविद्युत् केन्द्रले २०३८ सालसम्म नियमित विद्युत् उत्पादन गऱ्यो । त्यसपछि यसको पानी खानेपानी आपूर्तिमा प्रयोग हुन थालेपछि नियमित उत्पादन रोकियो । पुराना यन्त्रहरू मर्मत गरेर प्रदर्शनका लागि कहिलेकाहीँ चलाइने अवस्थामा राखिएका छन् । नेपाल विद्युत् प्राधिकरणले यस क्षेत्रलाई ऐतिहासिक विद्युत् सङ्ग्रहालयका रूपमा विकास गर्ने काम अघि बढाएको छ ।

जलविद्युत्का लगानीकर्ता विजय सागर प्रधान आज फर्पिङलाई ऐतिहासिक, सांस्कृतिक र शैक्षिक भ्रमणको गन्तव्यका रूपमा चिनाउने प्रशस्त आधार भएको बताउनुहुन्छ । जलाशय, पावरहाउस, मन्दिर र गुम्बालाई जोडेर भ्रमणको राम्रो अनुभव तयार गर्नसके यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई नेपालको विद्युत् इतिहास नजिकबाट बुझ्ने अवसर मिल्ने उहाँको भनाइ छ । ***(रासस)***

हार्दिक समवेदना



जन्म
२००६/०७/१५

स्वर्गारोहण
२०८३/०६/२२

यस समूहका सदस्य गणेशभक्त साँदकी ममतामयी आमा **पुनकुमारी साँद**को असामयिक निधन भएको आज ४५ औँ दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

आशकाजी बनमाला	निरज बनमाला	रामभक्त मानन्धर
भैलबहादुर बनमाला	जीवन बनमाला	उत्तम मानन्धर
बिमल बनमाला	सुजन बनमाला	कृष्णबहादुर मानन्धर
उमल बनमाला	रोशन बनमाला	प्रदिप पलिखेल
नरेश बनमाला	विश्वराम बनमाला	संदिप बोहजु
रामसुन्दर बनमाला	अमन बनमाला	चिरबाबु महर्जन
श्रीकृष्ण बनमाला	बालकृष्ण प्रजापति	राजाराम बासी
श्रीगोपाल बनमाला	कृष्णराम प्रजापति	विजय ज्याखो
राजेश बनमाला	सुमन गोसाई	पूर्ण कारंजित
दिनेश बनमाला	पुस्तम मानन्धर	

पम्बो गणेश समूह क

। सम्पादकीय ।

नेपालको गुप्तचर संस्था र गत वर्ष भदौको उपद्रव

देशविरूद्धको गतिविधि गर्नेहरूलाई निगरानी गराउन राज्य संयन्त्रद्वारा गुप्तचर संस्थाहरू पनि बन्दोबस्त गरिएका हुन्छन्। नेपालमा वि.सं. २००८ सालमा नेपाल प्रहरी मातहत राष्ट्रिय अनुसन्धान विभाग खडा गरिएको थियो। वि.सं. २०४२ सालमा 'नेपाल विशेष ऐन २०४२' अनुसार नेपाल जनसम्पर्क कार्यालय नामकरण गरियो। यो जनसम्पर्क कार्यालयले तत्कालीन पञ्चायती सरकारविरूद्ध गतिविधिको जासुसी गर्न, आन्तरिक गुप्तचरी गर्न र देशविरूद्धको गतिविधि नियन्त्रण गर्न प्रतिजासुसी वा बाह्य गुप्तचरी पनि गर्‍यो।

पञ्चायती सरकारले देशभित्र शिक्षा, स्वास्थ्य, रोजगारी, आवासलगायत माग गर्ने नेता र कार्यकर्ताहरूलाई बहुदल पक्षधर र पञ्चायती व्यवस्थाविरोधी कल्गी लगाएर दमन गर्न आन्तरिक गुप्तचरीलाई जोड दियो। यसो हुनुमा तत्कालीन राजतन्त्र समर्थकहरूको कमजोरी थियो। सरकारसँग काम, माम, शिक्षा, उपचार, आवास माग गर्नु जनताको अधिकार हो। यसलाई पञ्चायती सरकारले वक्रदृष्टि राखेर दमन गरेको गलत थियो। पञ्चायती सरकारको बाह्य गुप्तचरले असल नियत राखी भारत प्रवासमा बसेर जनताको शिक्षा, स्वास्थ्य, रोजगारी, आवासको लागि आवाज उठाएका देशभक्त नेपाली जनताका नेताहरूको हत्या गराउने दुष्प्रयाससमेत गरायो। देश र जनताको हितमा बोल्ने नेता र कार्यकर्तालाई भारत प्रवासमा खेदेको तत्कालीन पञ्चायती सरकार र यसको नेतृत्वको कमजोरी थियो।

बहुदलीय व्यवस्था पुनः स्थापनायता शासक दलहरूको अन्तरिम सरकारले विसं २०४७ सालमा 'राष्ट्रिय अनुसन्धान विभाग' नामकरण गर्‍यो। देशविरूद्ध र विदेशी गतिविधि निगरानी गर्ने प्रतिजासुसी संयन्त्रलाई यही तुहाइयो। अहिलेसम्म नेपालमा प्रतिजासुसी एकाइ नबन्दा गत वर्ष भदौ २३ र २४ गते भएको निहत्था जनताको हत्या र देशभरि आगजनीलगायत उपद्रवको छानबिन गर्न समस्या भएको कार्की आयोगको प्रतिवेदनमा उल्लेख छ। यो विभाग (नेसनल इन्भेस्टिगेसन डिपार्टमेन्ट) लाई जिम्मेवारी र कर्तव्य बहन गर नउनेभन्दा पनि शासक दलले आफ्ना कार्यकर्ता भर्ना गर्ने थलो बनाउनमा प्रतिस्पर्धा बढ्यो। चुरोटको बट्टामा तोक लगाएर शासक दलहरूले विभागमा कर्मचारी नियुक्ति बढाएपछि विभागको आन्तरिक र बाह्य जासुसीमा ऱ्हास आयो। पालैपालो सरकारमा पुगेका शासक दलहरूमध्ये एउटालाई ढाल्ने र अर्कोलाई राख्ने काममा पनि गुप्तचर संस्था संलग्न भएको बाहिरियो। यसैको सिलसिला २०८२ भदौ २३ र २४ गतेको उपद्रवपश्चात् सरकार ढाल्ने र बनाउनेमा नेपाली सेनाको समेत संलग्नता भएको बाहिरियो।

शासक दलहरू फुटाउने र जुटाउनेमा पनि गुप्तचर संस्था संलग्न भएको सार्वजनिक भयो। कार्की आयोगको प्रतिवेदनमा उल्लेख भयो - "बाह्य जगत्‌ले नयाँ प्रविधि प्रयोग गरी जनमतलाई प्रभाव पार्‍यो।" यसलाई प्रस्ट रूपमा अर्थ्याउँदा संरा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले फेसबुक, डिस्कर्ड, रेडिटमार्फत नयाँ पुस्तालाई भड्काएको र गत वर्षको भदौ २३ र २४ गतेको उपद्रव मच्चाउन लगाएको हो। सो प्रतिवेदनमा उल्लेख छ - "पत्रकार र बौद्धिक समूह आदिलाई प्रभावमा पार्न बाह्य जगत् लागिपरेको हुन्छ।"

प्रतिवेदनमा बाह्य देशले आफ्ना प्रतिस्पर्धी मुलुकलाई निगरानी गरेको पनि उल्लेख छ। यसको घुमाउरो अर्थ संरा अमेरिकी साम्राज्यवादले यतिबेला फ्रान्स, ग्रीस, इटली, स्पेन, जर्मनीलगायत युरोपका देशहरूमा तोडफोड, आगजनी गराइरहेकोलाई पनि अग्रीम सङ्केत गरेको हो। संरा अमेरिकाको सञ्चारमाध्यम 'दि ग्रेजोन' ले रास्वपाका पाँच नेताको नाम उल्लेख गरी संरा अमेरिकी गुप्तचर संस्था सीआईएअन्तर्गत संस्थाहरूमार्फत नेपालमा करोडौँ डलर पठाई उपद्रव गराएको सार्वजनिक गर्‍यो।

काठमाडौँ उपत्यकाभित्रका डाँडाहरूमा बनाइएका गुम्बाहरूमा पनि नेपाल सरकारले अनुगमन गर्नुपर्ने कार्की आयोगको प्रतिवेदनको सुझाव हो। गत वर्ष भदौ २३ गते टीओबीका मोटरसाइकल चालकहरूले काठमाडौँमा मच्चाएको उपद्रवले नेपाली भूमि चीनविरूद्ध प्रयोग भएको प्रश्नसमेत उठेको प्रतिवेदनमा उल्लेख छ। गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव मच्चाउनेहरूबारे नेपालको गुप्तचर संस्थासँग कुनै ज्ञान नभएको वा नगन्य मात्र ज्ञान भएको पनि प्रतिवेदनमा उल्लेख छ। यो संवेदनशील विषयतर्फ देशभक्त नेपाली जनता सचेत हुनु जरूरी छ। तत्कालीन माओवादी सशस्त्र द्वन्द्वको बेला पनि नेपालको गुप्तचर संस्था असफल भएको थियो।

के इरानविरुद्धको अमेरिकी–इजरायली युद्ध 'जमेको युद्ध' (Frozen war) मा परिणत हुँदै छ ?

✍ हेबा हबिब

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्ध अन्त्य गर्न वासिङटनलाई कुनै हतार नभएको सङ्केत गरेका छन्।

"हामीलाई इरानसँग कुनै सम्झौताको आवश्यकता छैन," ट्रम्पले गत हप्ताको अन्त्यतिर आफ्नो 'ट्रुथ सोसियल' प्लेटफर्ममा लेखे। "ती दिनहरू बितेको धेरै भइसक्यो। हामीसँग उनीहरूको पैसा छ, सयौँ अर्ब डलर र उनीहरूको जलमार्ग पनि छ !", यहाँ उनले होर्मुज जलडमरुको कुरा गरेका हुन्, जसले खाडी क्षेत्रलाई खुला महासागरसँग जोड्छ।

सोही पोस्टमा, ट्रम्पले उपराष्ट्रपति जे.डी. भान्सलाई डेमोक्र्याटहरूद्वारा सञ्चालित सहरहरूमा 'भ्रष्टाचार र अपराध' तर्फ आफ्नो 'पूर्ण र समग्र ध्यान' केन्द्रित गर्न भने। भान्सले इरानसँगको वार्ताको नेतृत्व गरे, जसको फलस्वरूप जून महिनामा छोटो अवधिको युद्धविराम भएको थियो। तर, पछिल्ला दिनहरूमा ट्रम्पले मिश्रित सङ्केतहरू दिएका छन्।

गत हप्ताको सुरुतिर उनले भनेका थिए कि युद्ध "सैन्य दृष्टिकोणले... वास्तवमा समाप्त भइसकेको छ", यद्यपि उनले यो पनि थपे कि यदि कूटनीति असफल भएमा उनी आक्रमण पुनः सुरु गर्न 'हिचकिचाउने छैनन्'।

ट्रम्पको मिश्रित सन्देश यस्तो समयमा आयो जब उनको रिपब्लिकन पार्टीले नोभेम्बर ३ को मध्यावधि निर्वाचनमा ठुलो हार बेहोर्‍यो। भान्सले यसको कारण इरानविरुद्धको अमेरिकी-इजरायली युद्ध, जुन निकै अलोकप्रिय थियो र त्यसबाट उत्पन्न आर्थिक असर, विशेष गरी इन्धनको अत्यधिक मूल्यवृद्धिलाई औँल्याए।

यो युद्ध अब कुन दिशातिर अघि बढ्न सक्छ र 'जमेको अवस्थामा पुगेको युद्धहरू' (Frozen Wars) को अन्त्य कसरी हुन्छ भन्नेबारे इतिहासले के बताउँछ ?

अहिले दुवै पक्ष के चाहन्छन् ?

पर्यवेक्षकहरूका अनुसार ट्रम्पका मिश्रित सन्देशहरू र युद्धको आलोचना गर्दै भ्यान्सले दिएका टिप्पणीले दलभित्र मतभेद रहेको सङ्केत गर्छ। प्रशासनका केही सदस्यहरू त द्वन्द्वलाई नसुल्झाई यथावत छोड्नमा बढी सहज मानिरहेका छन्। यसको अर्थ इरानी बन्दरगाहहरूमा अमेरिकी नौसैनिक नाकाबन्दीलाई निरन्तरता दिनु र इरानविरुद्धका प्रतिबन्धहरू जारी राख्नु हुनसक्छ। यी दुवै इरानका लागि रातो रेखा हुन्, इरानले निरन्तर भनेको छ कि यसले होर्मुज जलडमरु पुनः खोल्ने छैन वा शान्ति वार्ता पुनः सुरु गर्नेछैन जबसम्म यी लगायत अन्य मागहरू हटाइँदैन।

नोभेम्बर ९ मा, राष्ट्रपति मसुद पेजेस्कियनले सर्वोच्च नेता मोज्तबा खामेनीले अधिकारीहरूलाई 'न युद्ध, न शान्ति' को अवस्था अन्त्य गर्न आदेश दिएको बताए।

पेजेस्कियनले थपे कि इरान वार्ता गर्न तयार छ, तर दबाबका अगाडि झुक्नेछैन। इरानका प्रमुख वार्ताकार तथा संसदका सभामुख मोहम्मद बागेर घालीबाफले अल जजिरालाई बताएअनुसार, "अब निर्णय अमेरिकाको हो", कि त वार्ताका लागि इरानका सर्तहरू स्वीकार्ने, कि त युद्धलाई निरन्तरता दिने।

जमेको युद्ध (Frozen Conflict) भनेको के हो ?

यस शब्दको कुनै कानुनी परिभाषा छैन। यसले सामान्यतया त्यस्तो द्वन्द्वलाई जनाउँछ जसमा ठुलो स्तरको लडाइँ रोकिएको वा निकै घटेको हुन्छ तर कुनै शान्ति सम्झौता वा राजनीतिक समाधान भने भइसकेको छैनन्। युद्ध निम्त्याउने मुद्दाहरू अझै समाधान भएका छैनन्।

अग्रमोर्चा वा नियन्त्रणको सन्तुलन कालान्तरमा एक 'व्यावहारिक यथार्थ' का रूपमा स्थापित हुन्छ। यस सन्दर्भमा, अमेरिकाले इरानी बन्दरगाहहरूमा नाकाबन्दी लगाएको छ भने इरानले होर्मुज जलडमरूमा आफूले प्रवेश अनुमति नदिएका भनिएका जहाजहरूलाई निसाना बनाउने वा छिमेकी देशहरूमा रहेका अमेरिकी सम्पत्ति तथा संरचनाहरूमा क्षेप्यास्त्र प्रहार गर्ने काम गरिरहेको छ।

दुवै पक्षले आफ्ना सेनालाई यथास्थानमा राख्छन्, जुन प्रायः युद्धविराम रेखा वा बफर जोन (तटस्थ क्षेत्र) द्वारा विभाजित हुन्छन्। उनीहरूले शत्रुतापूर्ण कारबाहीलाई औपचारिक रूपमा अन्त्य नगरी युद्धविराम वा सुइखलाबद्ध रूपमा अस्थायी युद्धविरामका लागि सहमत हुन सक्छन्, जस्तै जून महिनामा पाकिस्तानको इस्लामाबादमा हस्ताक्षर गरिएको समझदारी पत्र, जुन केही हप्ताभित्रै भङ्ग भयो।

पूर्व सोभियत सङ्घमा भएका द्वन्द्वहरूलाई वर्णन गर्न 'जमेको युद्ध' भन्ने शब्दावली सन् १९९० र २००० को दशकमा प्रचलनमा आयो। यसमा मोल्डोभाको ट्रान्सनिस्ट्रिया, जर्जियाको अबखाजिया र दक्षिण ओसेशिया तथा नागोर्नो-काराबाखमा भएका द्वन्द्वहरू समावेश थिए।

जमेका द्वन्द्व भन्दैमा त्यो शान्तिपूर्ण हुन्छ भन्ने छैन। यस्तो अवस्थामा छिटपुट झडप, नाकाबन्दी, आर्थिक युद्ध र बेलाबेलामा द्वन्द्व बल्झिने क्रम चलिरहनु सामान्य हो। यसको मुख्य विशेषता के हो भने, कुनै पनि पक्षले निर्णायक नतिजा आफ्नो पक्षमा पार्न सक्दैन र स्थायी शान्तिका लागि आवश्यक पर्ने सम्झौता वा छुट दिन पनि दुवै पक्ष तयार हुँदैनन्।

के इरानविरुद्धको अमेरिकी - इजरायली युद्ध एउटा 'जमेको युद्ध' (Frozen war) बन्न सक्छ ?

युद्ध गत वर्ष फेब्रुअरीमा सुरु भएको थियो, जब अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरे। अप्रिलमा पाकिस्तानमा भएका वार्ताको परिणामस्वरूप जून महिनामा एक समझदारी पत्र तयार गर्‍यो, जसले लडाइँलाई रोक्यो र अमेरिकी नाकाबन्दीलाई केही समयका लागि हटायो। तर, त्यसको केही समयपछि नै, मुख्यतः होर्मुज जलडमरूको नियन्त्रणलाई लिएर भएको असहमतिले गर्दा, युद्धविराम भङ्ग भयो र वासिङटनले १४ जुलाईमा पुनः आफ्नो नौसैनिक नाकाबन्दी लागू गर्‍यो।

"कूटनीतिक रूपमा भन्नुपर्दा, हामी पहिले नै त्यो अवस्थामा पुगिसकेका छौँ। जून महिनाको समझदारी (मेमोरेन्डम) भत्किएपछि, अर्थात् जुलाई महिनादेखि नै हामी यस अवस्थामा छौँ," मिडल इस्ट काउन्सिल अन ग्लोबल अफेयर्सका वरिष्ठ गैर-आवासीय फेलो मुहनाद सेलुमले भने। यद्यपि, उनले थपे कि 'जमेको' भनिनुले वास्तवमा चलिरहेको द्वन्द्वलाई अलि बढी नै 'सकारात्मक' रूपमा प्रस्तुत गर्छ; किनकि अहिले त्यहाँ अमेरिकी नाकाबन्दी छ, होर्मुज वरपर पानीजहाजहरूमा दैनिक एकभन्दा बढी आक्रमण भइरहेका छन् र दुवै पक्षबाट एक-अर्कोविरुद्ध प्रहारहरू भइरहेका छन्।

अमेरिकाले सीमित आक्रमणहरू गरेको छ, जसमा केश्म टापुमा रहेका इरानी हवाई प्रतिरक्षा प्रणालीहरूमाथिको आक्रमण गरेको छ। इरानले होर्मुज जलडमरूमा आफूले अनधिकृत भनेका मार्गहरू प्रयोग गरिरहेका ट्याङ्करहरूमाथि आक्रमण गरेको छ। व्यापारिक सूचना फर्म 'केप्लर' (Kpler)का अनुसार, नोभेम्बर ७ मा केवल पाँचवटा वस्तुवाहक जहाजहरूले उक्त जलडमरु पार गरको भनेको छ अमेरिकाले जहाजहरूलाई सुरक्षा दिँदै पार गराइरहेको दाबी गरे तापनि त्यसको भोलिपल्ट कुनै पनि जहाजले यसलाई पार गरेनन्।

"युद्धले आफ्नो रूप परिवर्तन गरेको छ, हवाई अभियानबाट घेराबन्दीमा परिणत भएको छ," सेलूमले अल जजीरालाई भने। घेराबन्दी तब अन्त्य हुन्छ जब घेरामा परेका पक्ष कि त टुट्छ (पराजित हुन्छ), कि त घेरा तोडेर बाहिर निस्कन्छ।"

वासिङटनका विकल्पहरू के हुन् ?

ट्रम्पका लागि, अहिलेको अवस्थामा द्वन्द्वलाई गम्भीर रूपमा चर्काउनु ठुलो राजनीतिक जोखिम निम्त्याउनु हुन लगभग असम्भव जस्तै छ," सेलुम भने। तर, वर्तमान सर्तहरूमा युद्ध अन्त्य गर्नु पनि अमेरिकाका लागि पनि आकर्षक विकल्प होइन।

इरानी बन्दरगाहहरूमा लगाइएको नौसैनिक नाकाबन्दी हटाउनु, जुन कदमको उद्देश्य तेल निर्यात रोकेर इरानको अर्थतन्त्रलाई अझ जर्जर बनाउनु थियो र होर्मुज जलडमरूलाई इरानको विवादित नियन्त्रणमै छोडिदिनुको अर्थ, आठ महिना लामो युद्धपछि ट्रम्पसँग देखाउनका लागि केही पनि बाँकी नहुनु हो। अझ भन्नुपर्दा, यो अवस्था झन् खराब हुनेछ; किनकि युद्ध सुरु हुनुअघिसम्म उक्त जलमार्ग सबै प्रकारका पानीजहाजहरूको आवतजावतका लागि पूर्ण रूपमा खुला थियो।

द एसोसिएटेड प्रेस समाचार संस्थाको रिपोर्टिङअनुसार, ट्रम्पले स्वीकार गरेका छन् कि इरानको वर्तमान सरकार कायम रहेकै अवस्थामा पछि हट्नुलाई 'हार' मानिनेछ।

"विडम्बनाको कुरा के हो भने, जमिनमा सेना परिचालन नगरी कुनै पनि सैन्य समाधान सम्भव छैन।" स्वतन्त्र रक्षा तथा सुरक्षा परामर्शदाता तल्हा अब्दुलराजकले भने। ट्रम्प स्थल सेना परिचालन गर्न हिचकिचाइरहेका छन् भने अमेरिकी जनता 'अर्को इराक वा अफगानिस्तान' को परिस्थिति आउला

बाँकी पृष्ठ ५ मा



इरानको तेहरानमा क्षेप्यास्त्रको चित्र अङ्कित एउटा होर्डिङ बोर्ड, जसमा फारसी भाषामा 'आकाश हाम्रो गौरव र निष्ठाको स्थान हो' भन्ने सन्देश लेखिएको छ। *(फाइल: वाहिद सालेमी/एपी फोटो)*

सरकारका प्रतिबद्धता र व्यवहारबिचको खाडल

✍ सुवर्ण

नेपालमा सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र राजनीतिक बेथितिको अन्त्य गर्ने आकर्षक नारा दिएर सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको वर्तमान सरकारका कामकारबाहीमाथि गम्भीर प्रश्न उठ्न थालेका छन्। निर्वाचनका बेला जनतासामु गरिएका प्रतिबद्धता र सरकार सञ्चालनको वास्तविक व्यवहारबिच ठुलो अन्तर देखिन थालेको छ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले दुईतिहाइ नजिकको जनमत प्राप्त गरेपछि जनताले ठुलो परिवर्तनको अपेक्षा गरेका थिए। तर, सरकारको कार्यशैली, निर्णय प्रक्रिया, सार्वजनिक सेवा, आर्थिक नीति र लोकतान्त्रिक संस्थाहरूप्रतिको व्यवहारले नयाँ प्रश्नहरू जन्माएका छन्। जनताको मतबाट बनेको कुनै पनि सरकारलाई जनताप्रति जवाफदेही बनाउनु लोकतान्त्रिक कर्तव्य हो।

भ्रष्टाचार नियन्त्रणलाई प्रमुख चुनावी मुद्दा बनाएको सरकारले उच्च तहमा हुने नीतिगत भ्रष्टाचार नियन्त्रण गर्न ठोस कानुनी र संस्थागत सुधार गर्न सकेको छ कि छैन भन्ने प्रश्न उठेको छ। मन्त्रिपरिषद्का नीतिगत निर्णयको आवरणमा हुने अनियमितताहरूलाई छानबिनको दायरामा ल्याउने कानुनी सुधारसमेत अघि बढ्न नसकेको विषय आलोचनाको केन्द्रमा छ।

उच्चपदस्थ नेता, मन्त्री, कर्मचारी र राजनीतिक व्यक्तिहरूको सम्पत्ति निष्पक्ष रूपमा छानबिन हुनुपर्छ। भ्रष्टाचारका मुद्दामा राजनीतिक संरक्षण र पक्षपात अन्त्य गर्नुपर्छ। भ्रष्टाचार नियन्त्रण गर्ने निकायलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरिनुपर्छ। सहकारी ठगी र वित्तीय अनियमितताका पीडितलाई बचत फिर्ता गर्नुपर्छ।

सरकारले संसद्, संवैधानिक निकाय र स्थापित संस्थागत प्रक्रियालाई बलियो बनाउनुपर्नेमा कतिपय निर्णयमा एकलौटी शैली अपनाएको भन्दै आलोचना भइरहेको छ। सामाजिक सञ्जालबाट सरकारी नीति तथा निर्णय सार्वजनिक गर्ने र त्यसपछि औपचारिक प्रक्रिया अघि बढाउने प्रवृत्तिले शासन प्रणालीमाथि प्रश्न उठाएको छ। संसद्को सर्वोच्चता, संविधानको पालना, विधिको शासन र जनप्रतिनिधिमूलक संस्थाको सम्मान गर्नुपर्छ।

निजी विद्यालय तथा स्वास्थ्य संस्थामा तीन प्रतिशत कर लगाउने बजेट प्रस्ताव सार्वजनिक विरोधपछि फिर्ता लिनुपरेको घटनाले सरकारको नीति निर्माण प्रक्रियामाथि प्रश्न उठाएको छ। शिक्षा र स्वास्थ्यलाई व्यापारको वस्तु बनाउने होइन, जनताको मौलिक अधिकारका रूपमा स्थापित गर्नुपर्छ।

सार्वजनिक शिक्षालाई गुणस्तरीय र निःशुल्क बनाउने नीति लागू गर्नुपर्छ। सरकारी अस्पतालमा पर्याप्त चिकित्सक, औषधि र उपकरणको व्यवस्था र स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच सुनिश्चित गर्नुपर्छ।

युवालाई स्वदेशमै रोजगारी दिने प्रतिबद्धता गरे पनि देशभित्र उत्पादनमूलक रोजगारी सिर्जना गर्ने ठोस कार्यक्रमको प्रभावकारी कार्यान्वयन देखिन सकेको छैन। दैनिक हजारौँ युवा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता नेपालको गम्भीर समस्या हो। देशभित्रै रोजगारी सिर्जना गर्ने, उद्योगधन्दा सञ्चालन गर्ने, कृषि उत्पादन बढाउने र युवालाई प्राविधिक तथा व्यावसायिक शिक्षा दिने कार्यक्रम सञ्चालन गर्नुपर्छ।



नेपाल कृषिप्रधान देश भनिए पनि किसानले समयमा मल, बीउ, सिँचाइ र बजार पाउन सकेका छैनन्। कृषि उत्पादनको उचित मूल्य नपाउँदा किसान निराश छन्। सरकारले किसानलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने, उखु किसानको बाँकी भुक्तानी गराउने र कृषि बजार व्यवस्थापन गर्ने प्रतिबद्धता पूरा गर्न सकेको छैन भन्ने आलोचना छ। किसानलाई समयमै मल र बीउ उपलब्ध गर्नुपर्छ। कृषि उत्पादनको उचित समर्थन मूल्य निर्धारण गर्नुपर्छ। सिँचाइ र शीतभण्डारको व्यवस्था गर्नुपर्छ।

सर्वसाधारण जनता महँगी, बेरोजगारी र आर्थिक असुरक्षाबाट पीडित छन्। खाद्यान्न, तरकारी, इन्धन, यातायात र दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रण गर्न सरकारले प्रभावकारी बजार अनुगमन गर्नुपर्छ। कालोबजारी, कृत्रिम अभाव र मूल्यवृद्धि नियन्त्रण गर्नुपर्छ। श्रमिकको न्यूनतम ज्याला र सामाजिक सुरक्षा सुनिश्चित गर्नुपर्छ।

सरकारी कार्यालयमा सेवाग्राहीले अझै पनि ढिलासुस्ती, झन्झट र अनावश्यक हैरानी भोग्नुपरेको छ। नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र तथा अन्य सरकारी सेवा सहज बनाउने प्रतिबद्धताअनुसार सबै सेवा प्रभावकारी हुन सकेका छैनन्। सरकारी सेवा छिटो, छरितो, पारदर्शी र जनमुखी बनाइनुपर्छ।

लोकतन्त्रमा सरकारको आलोचना गर्ने अधिकार नागरिक, पत्रकार र राजनीतिक दल सबैलाई हुन्छ।

प्रदेश सरकारको भविष्य, सङ्घीय संरचनाको औचित्य र अधिकार बाँडफाँटबारे सरकारको स्पष्ट दृष्टिकोण आवश्यक छ। सङ्घीयताको नाममा खर्च बढाउने तर जनतालाई सेवा नदिने प्रवृत्ति गलत हो। त्यस्तै, स्थानीय तहको अधिकार कटौती गरेर केन्द्रमा शक्ति केन्द्रित गर्नु पनि उचित होइन। स्थानीय स्वायत्तता, विकेन्द्रीकरण र जनताको प्रत्यक्ष सहभागितामा आधारित शासन व्यवस्था लागू गर्नुपर्छ।

नेपालको परराष्ट्र नीति राष्ट्रिय हित, सार्वभौमिकता, भौगोलिक अखण्डता र असंलग्नताको सिद्धान्तमा आधारित हुनुपर्छ। कुनै पनि विदेशी शक्ति राष्ट्रको आन्तरिक मामिला, आर्थिक नीति र सुरक्षा नीतिमा हाबी हुने अवस्था आउन दिनुहुँदैन। सबै प्रकारका वैदेशिक हस्तक्षेप र दबाबको विरोध गर्दै स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नुपर्छ।

विकासको नाममा ठुला आयोजना घोषणा गर्ने तर जनताको आधारभूत आवश्यकता पूरा नगर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ। सडक, खानेपानी, ढल, फोहोर व्यवस्थापन, सार्वजनिक यातायात र वातावरण संरक्षणमा सरकारको स्पष्ट योजना आवश्यक छ। व्यवस्थित सहरी विकास, सार्वजनिक सम्पत्तिको संरक्षण, सम्पदा संरक्षण र वातावरणमैत्री विकास गर्नुपर्छ।

युवाहरूको आन्दोलनपछि बनेको सरकारले आन्दोलनमा ज्यान गुमाएका र घाइते भएका नागरिकका परिवारलाई न्याय, क्षतिपूर्ति र उचित राहत दिने प्रतिबद्धता पूरा गर्नुपर्छ। घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाही गर्नुपर्छ। पीडित परिवारलाई राजनीतिक स्वार्थको साधन बनाउनु हुँदैन।

रास्वपा सरकार जनताको ठुलो आशा र विश्वासका साथ सत्तामा पुगेको हो। त्यसैले, सरकारले आफ्ना प्रतिबद्धता पूरा गर्न नसकेमा जनताले प्रश्न उठाउनु स्वाभाविक हो। नयाँ पार्टी र नयाँ अनुहार हुँदैमा सरकारका सबै काम सही हुन्छन् भन्ने छैन। पुराना राजनीतिक दलका कमजोरीको आलोचना गरेर सत्तामा पुगेको पार्टीले आफैँ पनि त्यही प्रकारका कमजोरी दोहोऱ्याउन पाउँदैन। यस अवस्थामा कुनै पनि सत्तालोलुप राजनीतिक शक्तिको पछि नलागी मजदुर, किसान, विद्यार्थी, शिक्षक र आम श्रमजीवी जनताको हितलाई केन्द्रमा राख्नुपर्छ। देशको समस्या व्यक्ति परिवर्तनले मात्र समाधान हुँदैन। शोषण, भ्रष्टाचार, असमानता र परनिर्भरता कायम राख्ने गलत राजनीतिक तथा आर्थिक व्यवस्थामा परिवर्तन आवश्यक छ। जनताको चेतना, सङ्गठन र निरन्तर सङ्घर्षबाट मात्र वास्तविक परिवर्तन सम्भव छ। जनताको मतबाट बनेको सरकार जनताकै सेवक हुनुपर्छ, शासक होइन।

के...

भनेर सशङ्कित छन्। अब्दुलराजकका अनुसार, "यसको परिणामस्वरूप, यो द्वन्द्व लम्बिनेछ किनभने कुनै पनि पक्ष आ-आफ्नो वार्तासम्बन्धी अडानबाट पछि हट्न तयार छैनन्।"

अब्दुलराजकका अनुसार, कि ट्रम्प एउटा यस्तो सम्झौता चाहन्छन् जुन सन् २०१५ मा राष्ट्रपति बाराक ओबामाको कार्यकालमा इरानसँग गरिएको आणविक सम्झौता, जसलाई 'जोइन्ट कम्प्रिहेन्सिभ प्लान अफ एक्सन' (JCPOA) भनिन्छ; त्यो भन्दा धेरै फराकिलो होस्। उक्त सम्झौताअन्तर्गत, इरानले युरेनियम संवर्धनमा प्रतिबन्धहरू स्वीकार गरेको थियो र नियमित निरीक्षणका लागि मञ्जुर भएको थियो।

तर ट्रम्पले आफ्नो पहिलो कार्यकालमा अमेरिकालाई जेसीपीओए (JCPOA)सम्झौताबाट बाहिर निकाले। "उनीसँग यस्तै सम्झौता स्वीकार गर्नका लागि कुनै राजनीतिक ठाँउ नै छैन, र इरानीहरू त उनलाई त्यस्ता सर्तहरू दिने मनस्थितिमा छैनन्," अब्दुलराजाकले भने।

"यसले ट्रम्पलाई अत्यन्त कठिन र अप्ठ्यारो परिस्थितिमा पारेको छ," उनले भने। अमेरिकी राष्ट्रपतिले या त युद्धमा निर्णायक जित हासिल गर्ने प्रयास गर्नुपर्छ वा कम अनुकूल सर्तहरू स्वीकार गर्नुपर्छ। अन्यथा, यो द्वन्द्व दुवै पक्षबाट बेलाबखत हुने प्रतिशोधको कारबाहीका साथ यथावत (ठप्प) रहनेछ।

अब्दुलराजाकले थपे कि अमेरिकाको पहलमा युद्धमा हुने कुनै पनि गम्भीर चर्कावट आगामी दुई महिनाभित्र अर्थात् अमेरिकी काङ्ग्रेस औपचारिक रूपमा डेमोक्र्याटिक पार्टीको नियन्त्रणमा आउनुअघि हुने सम्भावना सबैभन्दा बढी छ।

जनवरी २०२७ सम्म, निवर्तमान कङ्ग्रेसमा रिपब्लिकनहरूको झिनो बहुमत छ। अब्दुलराजाकका अनुसार, यसले ट्रम्पलाई अवसरको एउटा साँघुरो मौका प्रदान गर्छ; विशेष गरी डिसेम्बरसम्म अमेरिकी नौसेनाका तीनवटा 'क्यारियर स्ट्राइक ग्रुप' (विमानवाहक युद्धपोत समूह) यस क्षेत्रमा रहने सम्भावना रहेकोले यो अझ महत्त्वपूर्ण छ।

अब्दुलरजाकका अनुसार, ह्वाइट हाउसको चाहना "युद्ध पनि नहोस्, शान्ति पनि नहोस्" भन्ने छ। उनको विचारमा, वासिङटनले "सही ढङ्गले" नै के विश्वास गरेको छ भने, इरानको तुलनामा अमेरिकाले बढी आर्थिक पीडा सहन सक्छ।

तर, दोहा इन्स्टिच्युटका सेलूमले चेतावनी दिए कि हर्मुज जलडमरू र त्यसको वरपरको क्षेत्रमा लगाइएको नाकाबन्दी तबसम्म मात्र कायम रहनेछ, जबसम्म यसको मूल्य (लागत) धेरै चुकाउनु पर्दैन। "अमेरिकीहरूको मृत्यु हुनु, हर्मुजमा यस्तो हलचल आउनु जसले इन्धनको मूल्य फेरि बढ्ओस्, वा तेहरानले आफ्नो ४४० किलोग्राम उच्च समृद्ध युरेनियम अन्त कतै सार्दै छ भन्ने गुप्तचर जानकारी प्राप्त हुनु - यी मध्ये कुनै पनि एउटा घटनाले यो नाकाबन्दीको अन्त्य गर्नेछ," उनले भने।

अहिले तेहरानको हिसाब-किताब के छ ?

इरानले औपचारिक युद्धविराम, जलमार्ग पुनः खोल्ने र शान्ति वार्ता पुनः सुरु गर्ने विषयमा सातवटा सर्तहरू अघि राखेको छ। यसमा अमेरिकी नौसैनिक नाकाबन्दी हटाउने, प्रतिबन्धहरूमा छुट दिने, रोक्का राखिएका रकमहरू फुकुवा गर्ने तथा लेबनानमा इजरायलद्वारा गरिएका कारबाहीसहित यमन र इराकमा इरानका सहयोगीहरूविरुद्ध भइरहेका शत्रुतापूर्ण गतिविधिहरू अन्त्य गर्ने जस्ता विषय समावेश छन्। घालिबाफले भनेका छन् कि होर्मुज जलमार्ग पुनः खोल्न सक्ने भए तापनि, यो युद्धअघिको जस्तो शुल्कमुक्त अवस्थामा 'कहिल्यै फर्कने छैन'।

तर, नौसैनिक नाकाबन्दी, दशकौँदेखिको प्रतिबन्ध र युद्ध सुरु भएयता इरानसँग व्यापार गर्ने देश तथा संस्थाहरूविरुद्ध अमेरिकाले बढाएको नयाँ आर्थिक दबाबका कारण इरानी अर्थतन्त्र गम्भीर सङ्कटको सामना गरिरहेको छ।

इरानको आधिकारिक तथ्याङ्क निकायले मार्चदेखि जून महिनाको बिचमा अर्थतन्त्रमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १०.१ प्रतिशतले सङ्कुचन आएको जनाएको छ। केन्द्रीय बैङ्कले सेप्टेम्बरमा वार्षिक मुद्रास्फीति ८३.८ प्रतिशत रहेको बताएको छ र इरानी रियाल पटक-पटक कीर्तिमानी न्यून बिन्दुमा झरेको छ।

"तेहरानसँग उपलब्ध मुख्य गैर-सैन्य विकल्प भनेको कतारजस्ता क्षेत्रीय मध्यस्थकर्ताहरूमार्फत कूटनीतिमा संलग्न हुनु हो," अब्दुलराजक भन्छन्। तर, इरान अमेरिकाको सर्तहरूमा सम्झौता गर्न इच्छुक छैन, त्यसैले आर्थिक दबाबले शासनको सत्ताका लागि बढ्दो हताश परिस्थितिहरू सिर्जना गर्नेछ।

"चीनद्वारा गरिने इरानी तेल खरिदमा आफ्नो निर्भरता बढाएर अमेरिकी प्रतिबन्धको आँधीको सामना गर्ने प्रयास गरिरहेको छ, तर यसमा नौसैनिक नाकाबन्दीले बाधा पुऱ्याइरहेको छ," उनले थपे।

"तेहरानका लागि एउटै मात्र राम्रो कदम भनेको सुरक्षा संयन्त्रहरूमार्फत गरिने, तर पछि अस्वीकार गर्न सकिने खालको कदम हो," सेलुम भने। कतारको प्रस्तावअनुसार, नाकाबन्दी हट्दै गर्दा बमबारी गरिएका स्थानहरूमा निरीक्षकहरू पुनः फर्कन सक्नेछन्।

उनले थपे, "यसको विकल्प 'सादत विकल्प' (Sadat option) हो, अर्थात् वार्ताका लागि बाध्य पार्न गरिने सीमित युद्ध छेड्ने रणनीति। सन् १९७३ मा इजिप्टले यही तरिका अपनाएर आफ्नो 'युद्ध पनि होइन, शान्ति पनि होइन' (no war, no peace) को गतिरोध तोडेको थियो। घालिबाफले 'दिगो प्रतिरोध' सम्बन्धी कुराले तेहरानमा रहेका केही पक्षहरू यसप्रति आकर्षित भएको सङ्केत गर्छ।

अब्दुलराजकले भने, "शत्रुको पनि सधैँ केही न केही विकल्प वा कदम हुने गर्छ... इरानले अमेरिकी नौसैनिक नाकाबन्दी र प्रतिबन्धहरू तोड्नका लागि एकतर्फी रूपमा तनाव बढाउने निर्णय गर्न सक्छ। यसका लागि उसले खाडी क्षेत्रका अरब ऊर्जा उत्पादक मुलुकहरूमाथि आक्रमण गरी विश्वव्यापी आर्थिक सङ्कट निम्त्याउन सक्छ।" उनले थपे, "यसो गर्दा ट्रम्प प्रशासनमाथि अन्तर्राष्ट्रिय तथा घरेलु राजनीतिक दबाब बढ्नेछ, जसले गर्दा उनीहरू पछि हट्न र इरानको पक्षमा हुने गरी कुनै सम्झौता गर्न बाध्य हुनसक्छन्।"

इतिहासले हामीलाई जमेका युद्धबारे के बताउँछ ?

विगतका जमेका द्वन्द्वहरूले यस्ता गतिरोधहरू दशकौँसम्म लम्बिन सक्छ।

यसको एउटा उदाहरण कोरियाली प्रायद्वीप हो। कोरियाली युद्ध सन् १९५३ को जुलाईमा युद्धविराम सम्झौतासँगै टुङ्गियो, तर त्यसपछि कुनै शान्ति सन्धि भएन। ७० वर्षभन्दा बढी समय बितिसक्दा पनि, दुई कोरियाहरू प्राविधिक रूपमा अझै युद्धकै अवस्थामा छन् र कडा सुरक्षा व्यवस्था भएको असैन्यकीकृत क्षेत्र (Demilitarized Zone) द्वारा विभाजित छन्।

पूर्वी युक्रेन एउटा अझ हालकै र कम स्थिर उदाहरण हो। सन् २०१४ मा रुसले क्रिमियालाई आफ्नो नियन्त्रणमा लिएपछि, युक्रेनको पूर्वी डोन्बास क्षेत्रमा युक्रेनी सेना र रुस समर्थित पृथकतावादीहरूबिच लडाइँ सुरु भयो। 'मिन्स्क सम्झौता' ले युद्धविराम त ल्यायो, तर कुनै स्थायी समाधान भएन। करिब आठ वर्षसम्म, अग्रमोर्चामा खासै परिवर्तन आएन, यद्यपि गोलाबारी भने जारी नै रह्यो। त्यो गतिरोध सन् २०२२ को फेब्रुअरीमा अन्त्य भयो, जब रुसले युक्रेनमाथि पूर्ण स्तरको आक्रमण सुरु गऱ्यो।

नागोर्नो-काराबाखले (आर्मेनिया-अजरबेजान युद्ध) घटनाले शक्ति सन्तुलनमा परिवर्तन आउँदा कसरी एउटा जमेको द्वन्द्व पुनः बल्झिन (पग्लिन) सक्छ भन्ने देखाउँछ। आर्मेनिया र अजरबैजानबिच सन् १९९४ मा भएको युद्धविराम २५ वर्षसम्म कायम रह्यो। त्यसपछि, अझ शक्तिशाली बनेको अजरबैजानले सन् २०२० मा युद्ध पुनः सुरु गऱ्यो र सन् २०२३ मा विवादित भूभागलाई पूर्ण रूपमा आफ्नो नियन्त्रणमा लियो।

तर विश्लेषकहरू तर्क गर्छन् कि कोरियाली प्रायद्वीप वा रुस-युक्रेन जस्ता भू-क्षेत्रीय गतिरोधहरूको अवस्था, इरानविरुद्ध अमेरिका-इजरायलले गरिरहेको युद्धको सन्दर्भमा मेल खाँदैन।

सेलुमले भने कि यससँग अझ मिल्दोजुल्दो उदाहरण सन् १९९१ देखि २००३ को बिचको इराक हो, "एउटा यस्तो शासन व्यवस्था जसले युद्ध, त्यसपछिको १२ वर्षको नाकाबन्दी र समय-समयमा हुने आक्रमणहरू (जसमध्ये चार पटक त निरीक्षकहरूको उपस्थिति बिना नै भएका थिए) झेलेर पनि आफ्नो अस्तित्व बचाइराख्यो।"

यसको सट्टा, अब्दुलराजाक इरानको इतिहासतर्फ औँल्याउँछन्, सन् १९८० को दशकको इरान-इराक युद्ध, जतिबेला दुवै पक्षले एक-अर्काको तेल निर्यातलाई ठप्प पार्ने प्रयास गरेका थिए। त्यसबाट उत्पन्न 'ट्याङ्कर युद्ध' मा पानीजहाजहरूमाथि आक्रमण र ऊर्जा पूर्वाधारहरूमा क्षेप्यास्त्र प्रहार गरिएका थिए। यो एक प्रकारको आर्थिक रूपमा कमजोर बनाउने अभियान थियो।

इरानविरुद्धको जमेको युद्ध कसरी फरक हुन्छ ?

अधिकांश जमेका द्वन्द्व विवादित भूभाग र सम्पर्कको एउटा निश्चित रेखा वरिपरि केन्द्रित हुन्छन्। अमेरिका र इरानबिचको टकराव भने अन्तर्राष्ट्रिय जलमार्ग, प्रतिबन्धका व्यवस्थाहरू र ऊर्जा बजारहरूसम्म फैलिएको छ।

सेलुमले भने कि इराकको तुलना होर्मुजको सन्दर्भमा लागू हुँदैन। इराकका पूर्वनेता सद्दाम हुसेनलाई सङ्केत गर्दै उनले भने, "सद्दामलाई नियन्त्रणमा राख्ने प्रयास इराकी भूभागमा केन्द्रित थियो, जबकि यो (होर्मुजको) अवस्था यस्तो जलमार्गमा आधारित छ, जसले युद्धअघि विश्वको करिब पाँच भागको एक भाग तेल र ग्यासको आपूर्ति गर्थ्यो।"

यसले स्थिर गतिरोधलाई कायम राख्न गाह्रो बनाउँछ। प्रत्येक ट्याङ्कर आक्रमणले व्यापक वृद्धिको जोखिम निम्त्याउँछ। यहाँ स्थिर युद्ध कोरियाको शान्त असैनिकीकृत क्षेत्र जस्तो कम र सन् २०२२ अघि युक्रेनको डोनबासजस्तो देखिन सक्छ।

अब्दुलराजकले भने कि यति महत्त्वपूर्ण 'चोकपोइन्ट' (साँघुरो रणनीतिक मार्ग) मा कायम रहेको जमेको द्वन्द्वलाई विश्व अर्थतन्त्रले अनिश्चितकालसम्म धान्न सक्दैन। साथै, व्यापारिक मार्गहरूमा विविधता ल्याउन समय र पैसा दुवै लाग्छ। उनले बताएअनुसार, आर्थिक दृष्टिकोणले दुवै पक्ष यस्तो 'समयको दबाब'मा छन्, जुन अवस्था दक्षिण कोरिया र उत्तर कोरिया वा युक्रेन र रुसले पनि कहिल्यै भोगेका थिएनन्।

खाडी राज्यहरू, ढुवानीकर्ताहरू र ऊर्जा आयातकर्ताहरू, सबै जना जोखिममा छन्; यसले कतार र पाकिस्तानजस्ता मध्यस्थकर्ताहरूलाई गतिरोध अन्त्य गर्नमा गहिरो चासो राख्न प्रेरित गरेको छ। अहिलेको लागि, वासिङटन र तेहरान दुवैको अडान छ कि समय आफ्नो पक्षमा छ। तर, इतिहासले बताउँछ कि जमेका द्वन्द्वहरू प्रायः ती नेताहरूभन्दा बढी टिक्छन् जसले तिनीहरूलाई जन्म दिए।



दक्षिण अमेरिकी देश चिलीको राजधानी सान्टियागोमा राष्ट्रपति जोसे एन्टोनियो कास्टको अति दक्षिणपन्थी सरकारले लागू गरेको कटौतीको नीति तथा निर्णयहरूको विरोध गर्न केन्द्रीय श्रमिक सङ्घ (CUT) र चिली विद्यार्थी कन्फेडेरेसन (Confech) द्वारा आयोजित प्रदर्शनको क्रममा सडकमा उत्रेका हजारौँ कामदार र विद्यार्थीहरू नोभेम्बर १९, २०२६ को दिन ।

विद्यार्थी समूह र सङ्गठनहरूले सहरको केन्द्र हुँदै मार्च गर्न खोज्दा प्रहरी र प्रदर्शनकारीहरूबिच झडप भयो । उनीहरुलाई उनीहरुको सुरु बिन्दुबाट केही मिटर टाढा दङ्गा पुलिसले सामना गर्यो । एन्टोफागास्टा, भाल्पाराइसो, एरिका, कोक्विम्बो, चिल्लान, कन्सेप्सियोन, भल्दिभिया र पोर्टो मोन्टमा आयोजित विरोध जुलुसमा पनि हजारौँ मानिसहरू सहभागी थिए । *तस्बिर : सामाजिक सञ्जाल*

इरानको चेतावनी : सर्त मान, नत्र युद्धको सामना गर

तेहरान, ४ मङ्सिर (एएनआई) । इरानले अमेरिकालाई आफ्नो सर्त स्वीकार गर्न वा पुनः युद्धको सामना गर्न चेतावनी दिएको छ । इरानले युद्ध र शान्तिबिचको अनिश्चित अवस्था स्वीकार नगर्ने स्पष्ट पार्दै कुनै पनि नयाँ आक्रमणको कडा प्रतिकार गर्ने जनाएको छ ।

इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजीसी) का प्रवक्ता ब्रिगेडियर जनरल हुसेन मोहेबीले बिहीबार इरान सबै सम्भावित सैन्य परिस्थितिको सामना गर्न पूर्ण रूपमा तयार रहेको बताउनुभएको छ । उहाँले पछिल्लो द्वन्द्वपछि इरानको सैन्य क्षमता विस्तार भएको र अमेरिकी सेनाका गतिविधिमाथि निरन्तर निगरानी भइरहेको दाबी गर्नुभयो ।

“हामी न युद्धको अवस्था स्वीकार गर्छौं, न त युद्ध र शान्तिबिचको अनिश्चित अवस्था । युद्धको विषय एक पटक र सधैँका लागि टुङ्ग्याउनेछौं । यसको निर्णय युद्धमैदानबाट हुनेछ वा अमेरिकाले इरानका सर्त स्वीकार गर्नुपर्नेछ”, उहाँले भन्नुभयो ।

बाह्रदिने युद्धपछि इरानले हवाई प्रतिरक्षा प्रणालीलाई बलियो बनाएको र स्वदेशमै कम्तीमा तीनवटा नयाँ प्रणाली विकास गरेको उहाँले जानकारी दिनुभयो । ती प्रणाली घरेलु आवश्यकताका लागि पर्याप्त हुनुका साथै निर्यातसमेत भइरहेको उहाँको दाबी छ । इरानले चार हजार ५०० किलोमिटरसम्मको क्षेप्यास्त्र पहुँच प्रदर्शन गरिसकेको उल्लेख गर्दै उहाँले अमेरिकी सैन्य अखडालाई आवश्यक परे लक्षित गर्न सक्ने बताउनुभयो ।

मोहेबीले मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अखडा र पर्सियन खाडीमा अमेरिकी नौसैनिक उपस्थितिमा कमी आएको दाबी गर्नुभयो । उहाँका अनुसार युद्धअघि खाडीमा करिब ४० अमेरिकी युद्धपोत रहेकामा अहिले कुनै पनि छैनन् । अमेरिकी विमानवाहक जहाज तथा अन्य युद्धपोतलाई क्षेत्रबाट ५०० देखि ७०० किलोमिटर टाढा राखिएको उहाँले बताउनुभयो । अमेरिकी क्षेप्यास्त्र प्रतिरोधी प्रणालीको भण्डारमा समेत कमी आएको उहाँको भनाइ छ ।

अमेरिकाले पुनः आक्रमण गर्न सक्ने सम्भावनालाई इरानले गम्भीर रूपमा लिएको उल्लेख गर्दै उहाँले अमेरिकी सैनिक तैनाथी, विमान गतिविधि र सैन्य योजनामाथि निगरानी भइरहेको बताउनुभयो । “हाम्रोविरुद्ध शत्रुले जस्तोसुकै कारबाही गरे पनि त्यसको जवाफ कम्तीमा तीन गुणा बढी हुनेछ”, उहाँले चेतावनी दिनुभयो ।

इरानविरुद्ध आक्रमण गर्न आफ्नो भूभाग प्रयोग गर्न दिने कुनै पनि देश प्रतिशोधको निशानामा पर्न सक्ने उहाँले बताउनुभयो । इरानी बाँध तथा नागरिक पूर्वाधारमाथि आक्रमण भए त्यसको पनि जवाफ दिइने उहाँको भनाइ छ । अमेरिकाले स्थल आक्रमण वा हेलिकप्टरमार्फत छापा मार्ने सम्भावनालाई समेत उहाँले अस्वीकार गर्नुभयो ।

यसै वर्ष फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले इरानका विभिन्न सहरमा संयुक्त आक्रमण गरेपछि इरानले इजरायल तथा मध्यपूर्वका अमेरिकी सैन्य अखडालाई क्षेप्यास्त्र र ड्रोनबाट लक्षित गरेको थियो । अप्रिल ८ मा युद्धविराम लागू भए पनि त्यसपछि जुन १८ मा भएको समझदारीअनुसार आणविक कार्यक्रम र प्रतिबन्ध फुकुवासम्बन्धी अन्तिम सम्झौताका लागि तय गरिएको वार्तामा प्रगति हुन सकेको छैन । बढ्दो तनावकाबिच इरानले अहिलेको अवस्थालाई स्थायी शान्तिका रूपमा नलिएको जनाएको छ ।

जीवाश्म इन्धनमा विवादले जलवायु वार्ता अन्योलमा

अन्ताल्या, ४ मङ्सिर (एएफपी) । जीवाश्म इन्धनको प्रयोग अन्त्य गर्ने विषयमा सहमति जुट्न नसक्दा संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्मेलन कोप-३१ अन्योलमा परेको छ । करिब २०० देश सहभागी वार्तामा तेल, ग्यास र कोइलाको उल्लेखसमेत नरहेको नयाँ मस्यौदाप्रति असन्तुष्टि बढेपछि सम्मेलन सप्ताहन्तसम्म लम्बिने देखिएको छ ।

प्रारम्भिक मस्यौदामा जीवाश्म इन्धनको प्रयोग क्रमशः अन्त्य गर्ने प्रयास तीव्र पार्न आह्वान गरिए पनि सहआयोजक अस्ट्रेलियाले बिहीबार सार्वजनिक गरेको नयाँ मस्यौदाबाट त्यससम्बन्धी उल्लेख हटाइएको छ । फ्रान्सकी जलवायुमन्त्री मोनिक बार्बुटले यसलाई गम्भीर कमजोरी बताउनुभएको छ ।

टर्कीले सन् २०३५ सम्म विश्वको विद्युत् मागमा विद्युतीकरणको हिस्सा ३५ प्रतिशत पुऱ्याउने स्वैच्छिक प्रतिबद्धताका लागि आग्रह गरेको छ । तर, विद्युत् उत्पादन स्वच्छ ऊर्जाबाटै हुनुपर्ने स्पष्ट व्यवस्था नभएको भन्दै केही देशले चिन्ता जनाएका छन् । कार्बन सङ्कलन तथा भण्डारण प्रविधिलाई प्रोत्साहन गर्ने प्रस्तावमा पनि मतभेद छ ।

जलवायु विज्ञानसम्बन्धी अन्तरसरकारी प्यानल (आइपिसिसी) का आगामी प्रतिवेदन सन् २०२८ को विश्वव्यापी समीक्षा अघि सार्वजनिक गर्न दर्जनौँ देशले माग गरेका छन् भने साउदी अरब र भारतसहित केही देशले सन् २०२९ सम्म स्थगित गर्नुपर्ने धारणा राखेका छन् । मस्यौदाले पेरिस सम्झौताले निर्धारण गरेको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य जोखिममा परेकोप्रति चिन्ता व्यक्त गरेको छ ।

विकासोन्मुख देशलाई जलवायु अनुकूलनका लागि आर्थिक सहायता बढाउने विषयमा पनि सहमति हुन सकेको छैन । मस्यौदामा सन् २०३५ सम्म सहायता तीन गुणा पुऱ्याउनेबारे थप छलफल प्रस्ताव गरिए पनि विकासोन्मुख देशले माग गरेको एक खर्ब २० अर्ब अमेरिकी डलरको लक्ष्य समेटिएको छैन । उता, इरान युद्ध र तेलको मूल्यमा आएको उतारचढावले ऊर्जा सुरक्षा तथा जीवाश्म इन्धनको भविष्यबारेको विवाद थप जटिल बनाएको छ ।

दक्षिण कोरियामा १० वर्षपछि हैजा सङ्क्रमण

सियोल, २० नोभेम्बर (एपी) । दक्षिण कोरियामा एक दशकपछि पहिलोपटक हैजाको सङ्क्रमण पुष्टि भएपछि स्वास्थ्य अधिकारीहरूले सुरक्षित पानी र स्वच्छ खानपानमा सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेका छन् ।

कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सीका अनुसार दक्षिणपूर्वी बन्दरगाह सहर चाङ्गवोनमा बान्ता र पखालाको लक्षण देखिएपछि अस्पताल पुगेका एक व्यक्तिमा हैजा पुष्टि भएको हो । ती व्यक्ति उपचारपछि मङ्गलबार निको भएर घर फर्किसकेका छन् । उनले पछिल्लो दुई महिनामा विदेश यात्रा नगरेको पाइएको छ । सङ्क्रमणको स्रोत र उनको सम्पर्कमा आएका व्यक्तिहरूको खोजी भइरहेको एजेन्सीले जनाएको छ ।

सन् २०१६ पछि दक्षिण कोरियामा हैजा पुष्टि भएको यो पहिलो घटना हो । सन् २००१ मा भएको ठूलो प्रकोपमा कम्तीमा १६२ जना सङ्क्रमित भएका थिए ।

हैजा दूषित पानी र खानाबाट फैलिने रोग हो । सङ्क्रमित व्यक्तिको दिसा वा बान्ताको सम्पर्कबाट पनि सर्न सक्ने यस रोगले गम्भीर अवस्थामा शरीरमा पानीको कमी गराई ज्यानसमेत लिन सक्छ ।

स्वास्थ्य अधिकारीहरूले सुरक्षित पानी पिउन, खाना राम्ररी पकाएर खान तथा फलफूल र तरकारी धोएर प्रयोग गर्न आग्रह गरेका छन् । शङ्कास्पद बिरामीको तत्काल परीक्षण गरी सङ्क्रमणबारे जानकारी गराउन स्वास्थ्य संस्थाहरूलाई पनि निर्देशन दिइएको छ ।

विश्व सङ्क्षेप

चीनसँगको वार्ता रचनात्मक भएको अल्बानिजको भनाइ

सेन्जेन (चीन), २० नोभेम्बर (एएफपी) । चीनका राष्ट्रपति सी चीनपिङसँगको भेटपछि अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले दुई देशबिचको सम्बन्ध स्थिर बनाउन रचनात्मक संवाद भइरहेको बताउनुभएको छ ।

एपेक शिखर सम्मेलनका क्रममा शुक्रबार भएको भेटमा दुवै नेताले द्विपक्षीय सम्बन्धबारे छलफल गर्नुभएको थियो । अस्ट्रेलियाको कुल निर्यातको करिब एक चौथाइ चीन जाने गरेको छ भने फलाम अयस्क निर्यातको झन्डै तीन चौथाइ हिस्सा चीनले खरिद गर्छ ।

अस्ट्रेलियाले चीनसँगको व्यापारिक सम्बन्धलाई महत्त्व दिए पनि पेइचिङको सैन्य विस्तारलाई सुरक्षा चुनौतीका रूपमा लिँदै अमेरिका, जापान र भारतसँग सुरक्षा सहकार्य बढाउँदै आएको छ ।

अल्बानिजले शुक्रबार पेइचिङमा चिनियाँ प्रधानमन्त्री ली छ्याङसँग वार्ता गर्ने तथा रियो टिन्टो र बीएचपीका प्रतिनिधिसहितको व्यापार बैठकमा सहभागी हुने कार्यक्रम छ ।

चीनले फलाम अयस्क खरिदका लागि केन्द्रीय निकाय स्थापना गरेपछि अस्ट्रेलियाले आफ्ना उत्पादकले पाउने मूल्य घट्न सक्ने चिन्ता व्यक्त गरेको छ । सन् २०२० मा कोभिड-१९ को उत्पत्तिबारे अनुसन्धान गर्न अस्ट्रेलियाले गरेको आह्वानपछि दुई देशबिच तनाव बढेको थियो । त्यसबेला चीनले अस्ट्रेलियाका कोइला, मदिरा र कृषि उत्पादनलगायत करिब २० अर्ब अमेरिकी डलर बराबरका वस्तुमा प्रतिबन्ध लगाएको थियो । अधिकांश प्रतिबन्ध हटाइए पनि महत्त्वपूर्ण खनिजमा विदेशी लगानीको निगरानी र उत्तरी अस्ट्रेलियाको एक प्रमुख बन्दरगाहमा चिनियाँ कम्पनीको हिस्सेदारीलाई लिएर मतभेद कायमै छन् ।

मुद्रास्फीति बढेपछि श्रीलङ्काले ब्याजदर बढायो

कोलम्बो, ४ मङ्सिर (एएफपी) । मध्यपूर्वको लामो युद्धका कारण ऊर्जा तथा खाद्यवस्तुको मूल्य बढेर मुद्रास्फीतिमा दबाब परेपछि श्रीलङ्काले छ महिनापछि पहिलोपटक ब्याजदर २५ आधार अङ्कले बढाएर नौ प्रतिशत पुऱ्याएको छ ।

अक्टोबरमा श्रीलङ्काको वार्षिक मुद्रास्फीति ८.३ प्रतिशत पुगेको छ र यो केन्द्रीय बैङ्कको पाँच प्रतिशतको लक्ष्यभन्दा बढी हो । मध्यपूर्वको द्वन्द्व लम्बिँदा विश्वव्यापी ऊर्जा र खाद्यवस्तुको मूल्य बढेको तथा त्यसले घरेलु मुद्रास्फीतिलाई थप चाप दिएको बैङ्कले जनाएको छ । आगामी वर्षको दोस्रो अर्धवार्षिक अवधिसम्म पनि मुद्रास्फीतिलाई लक्ष्यमा झार्न कठिन हुने अधिकारीहरूको भनाइ छ ।

इरानले अमेरिका र इजरायलसँग युद्ध सुरु भएपछि विश्वको कुल तेल आपूर्तिको करिब पाँचौँ भाग ओसारपसार हुने हर्मुज जलघाँटी अवरुद्ध गरेको छ । यसले अन्तर्राष्ट्रिय बजारमा ऊर्जा मूल्य बढाएको छ । श्रीलङ्का सरकारले पनि इन्धन र विद्युत् शुल्कमा वृद्धि गर्दा ऊर्जाको मूल्य झन्डै आधा बढेको छ ।

यसअघि केन्द्रीय बैङ्कले गत मे महिनामा ब्याजदर १०० आधार अङ्कले बढाएको थियो ।

सन् २०२२ मा ४६ अर्ब अमेरिकी डलरको वैदेशिक ऋण तिर्न नसकेपछि आर्थिक सङ्कटमा परेको श्रीलङ्काले सन् २०२३ मा अन्तर्राष्ट्रिय मुद्राकोषबाट ४८ महिनाका लागि दुई अर्ब ९० करोड अमेरिकी डलर सहायता लिएको थियो । त्यसपछि सरकारले कर वृद्धि लगायतका आर्थिक सुधार लागू गरेको थियो । गत वर्षको चक्रवातमा कम्तीमा ६५० जनाको मृत्यु हुनुका साथै चार अर्ब १० करोड अमेरिकी डलर बराबरको पूर्वाधारमा क्षति पुगेको अनुमान छ ।

फिफा अध्यक्षको दौडबाट पछि नहट्ने ताशिमाको अडान

टोकियो, ४ मङ्सिर (एएफपी) । जापानका फिफा अध्यक्ष पदका उम्मेदवार कोजो ताशिमाले आगामी मार्चमा हुने निर्वाचनबाट पछि नहट्ने स्पष्ट पार्नुभएको छ । वर्तमान अध्यक्ष जियानी इन्फान्टिनोलाई चुनौती दिन फ्रान्सेली फुटबल महासङ्घका अध्यक्ष फिलिप डायलोले पनि उम्मेदवारी दिएपछि ताशिमाले प्रतिस्पर्धा जारी राख्ने बताउनुभएको हो ।

डायलोले इन्फान्टिनोलाई पराजित गर्न साझा रणनीतिका लागि सहकार्यको प्रस्ताव गर्नुभएको छ । ताशिमाले डायलोलाई प्रतिद्वन्द्वीका रूपमा नहेरेको र उहाँसँग निकट सहकार्य गर्न चाहेको बताउनुभयो । तर, तत्काल उम्मेदवारी फिर्ता लिने सोच नरहेको उहाँको भनाइ छ ।

फिफामा पारदर्शिता र संस्थागत अखण्डता कायम गरी विश्वास पुनःस्थापित गर्नु आफ्नो प्रमुख उद्देश्य रहेको ताशिमाले बताउनुभएको छ । विशेषगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हस्तक्षेपपछि अमेरिकी खेलाडी फोलारिन बालोगुनमाथिको प्रतिबन्ध हटाइएको घटनाले फिफामा सुधार आवश्यक रहेको उहाँको निष्कर्ष छ ।

इन्फान्टिनोले सन् २०१६ देखि फिफाको नेतृत्व सम्हाल्दै आउनुभएको छ र चौथो कार्यकालका लागि समर्थन जुटाइरहनुभएको छ । ताशिमाले भने अध्यक्ष बन्ने व्यक्तिगत आकांक्षाभन्दा संस्थागत सुधारलाई प्राथमिकता दिएको बताउनुभयो ।

सन् २०१६ देखि २०२४ सम्म जापान फुटबल सङ्घको अध्यक्ष रहनुभएका ६९ वर्षीय ताशिमा अहिले मानार्थ अध्यक्ष हुनुहुन्छ । उहाँले फिफाको नेतृत्वमा खेलाडी, रेफ्री र टोलीहरूलाई बढी महत्त्व दिँदै संस्थाको संरचना परिवर्तन गर्नुपर्ने धारणा राख्नुभएको छ ।

रामो सुझाव दिने नै नराम्रो !

✍ इकुश्रे

'को हुन्छ नराम्रो हजुर, को हुन्छ नराम्रो !
बिग्रिएको मान्छेलाई
जसले राम्रो अर्ती दिन्छ,
त्यही हुन्छ नराम्रो !'

'कोही छैनन् लाटासुधा,
सबै जना जान्नेजान्ने,
तिमी जान्ने मैं पनि जान्ने
बाबुभन्दा छोरा जान्ने
अब कसले सम्झाउने हजुर
यस्तो मान्छेहरूलाई !
जसले राम्रो अर्ती दिन्छ
उही हुन्छ नराम्रो हजुर
उही हुन्छ नराम्रो !'

यो पुरानो लोकगीतको शब्दले मानिसको एउटा अनौठो मनोवृत्तिमाथि चोटिलो प्रहार गरेको छ । यसले हाम्रो समाजमा व्याप्त एउटा गम्भीर मनोवैज्ञानिक रोगको समेत चित्रण गर्छ ।

मानिसको स्वभाव नै अनौठो छ । अरूले गरेको आफ्नो प्रशंसा सुन्दा ऊ फुरुङ्ग पर्छ तर आलोचना सुन्दा आगो हुन्छ । आफ्नो कमजोरी देखाइदिने मानिसभन्दा कमजोरी हुँदाहुँदै पनि प्रशंसा गरिदिने मानिस उसलाई प्रिय लाग्छ । आफ्नो विचारसँग सहमत हुने मानिस मित्र र असहमत हुने मानिस शत्रु ठहरिन्छ । ज्ञानमा आफूभन्दा अगाडि भए पनि उमेर र पदमा आफूभन्दा सानो हुनासाथ उसको कुरा स्वीकार गर्न अहङ्कारले दिँदैन । यसरी मानिस अरूले बताइदिएको सत्य सुनेर मनन गर्नुभन्दा आफ्नै झूटको पुष्ट्याइँ गर्नपट्टि लागिपर्छ । अन्ततः उसले अरूलाई होइन, आफ्नै विवेकलाई समेत पराजित गरिरहेको हुन्छ ।

कसैको दिएको जुनसुकै कुरा पनि लिन हामीलाई कुनै आपत्ति छैन । तर, सल्लाह लिने काम धेरै गाह्रो छ किनभने सल्लाह लिने मानिसले आफ्नो अहङ्कारभन्दा सत्यलाई माथि राख्न सक्नुपर्छ । तर, विडम्बना, मानिसहरू प्रशंसा गर्नेलाई शुभचिन्तक र कमजोरी देखाइदिने मानिसलाई विरोधी ठान्छन् । मीठो झूट सुन्ने बानी परेको कानलाई तीतो सत्यको आवाज असह्य लाग्छ । त्यसैले कतिपय मानिस आफू विनाशको बाटोमा हिँडिरहँदा पनि उनीहरूलाई रोक्न खोज्नेहरू नै दोषी ठहरिन्छन् । यस्तो अवस्थामा मानिसको सबैभन्दा ठुलो शत्रु बाहिर होइन, उसभित्रै बसेको अहङ्कार हुन्छ ।

हाम्रो पूर्वीय दर्शनले मानिसको यही कमजोरीलाई हजारौँ वर्षअघि नै पहिचान गरेको छ । भगवद्गीतामा श्रीकृष्णले अर्जुनलाई दिएको उपदेशको मूल मर्म नै मोह, अहङ्कार र अज्ञानबाट मुक्त भएर विवेकपूर्ण निर्णय गर्न प्रेरित गर्नु हो । महाभारतको युद्धभूमिमा अर्जुन आफ्नै भावनात्मक द्वन्द्वमा अल्झिएर कर्तव्यबाट विमुख हुन खोजेका थिए । उनले युद्ध नगर्ने निर्णय सुनाए । तर, श्रीकृष्णले उनको भावनालाई मात्र फर्काएनन् बरु प्रश्न, तर्क र दर्शनका माध्यमबाट उनको मोह हटाउने प्रयास गरे । अर्जुनले पनि आफूलाई सर्वज्ञ ठानेर कृष्णको उपदेश अस्वीकार गरेनन् । धैर्यपूर्वक सुने, मनन गरे र आफ्नो दृष्टिकोण परिवर्तन गरे । गीताको अन्त्यमा अर्जुनले आफ्नो मोह नष्ट भएको र कर्तव्य बुझिसकेको घोषणा गर्छन् । यसरी अर्जुनको महानता उनीसँग धनुष चलाउने सामर्थ्य भएर मात्र होइन, आवश्यक पर्दा आफ्नो विचार सच्याउन सक्ने विनम्रता भएर पनि स्थापित भएको हो । मानिसको वास्तविक ज्ञान उसले कति कुरा जानेको छ भन्नेमा मात्र होइन, आफूले नजानेको कुरा स्वीकार गर्न सक्ने क्षमता उसमा कति छ भन्ने कुरामा पनि निर्भर गर्छ ।

महाभारतमा यसको ठीक विपरीत उदाहरण दुर्योधन र धृतराष्ट्र हुन् । दुर्योधनलाई गलत बाटोबाट फर्काउन विदुरले पटकपटक सम्झाए । भीष्म, द्रोण र स्वयं श्रीकृष्णले पनि युद्ध रोक्न र न्यायपूर्ण समाधान खोज्न आग्रह गरे । पाण्डवहरूलाई उनीहरूको उचित अधिकार दिएर शान्तिपूर्ण निकास निकाल्न सकिने अवस्था थियो । श्रीकृष्णले त पाँच गाउँ दिएर भए पनि युद्ध टार्न सकिने प्रस्ताव राखेका थिए । तर, दुर्योधनले आफ्नो अहङ्कारलाई न्यायभन्दा माथि राख्यो । उसले सुईको टुप्पो बराबर जमिन पनि नदिने हठ गऱ्यो । धृतराष्ट्रले पनि विदुरको हितकारी सल्लाहभन्दा पुत्रमोहलाई महत्त्व दिए । परिणामतः कुरुवंशको विनाश भयो । युद्धमा हजारौँ योद्धाले ज्यान गुमाए । केही व्यक्तिको अहङ्कार र विवेकहीन निर्णयको मूल्य एउटा विशाल वंश र नाताकुटुम्बले चुकाउनुपऱ्यो । दुर्योधनलाई सम्झाउने मानिसको कमी थिएन, कमी थियो त सम्झाइको मर्म बुझ्ने विवेकको ।

रामायणमा रावणको चरित्र पनि अहङ्कारको अर्को ज्वलन्त उदाहरण हो । रावण विद्वान् थियो, शिवभक्त थियो, शक्तिशाली शासक थियो र वेदशास्त्रको ज्ञाता पनि थियो । तर, ज्ञान हुनु र ज्ञानअनुसार चल्नु फरक कुरा रहेछ । आफ्नै भाइ विभीषणले सीतालाई सम्मानपूर्वक फर्काएर सम्भावित विनाशबाट बच्न सल्लाह दिए । मन्दोदरीले पनि रावणलाई उचित बाटोमा फर्किन आग्रह गरिन् । तर, रावणले कसैको कुरा सुनेन । उल्टै विभीषणलाई अपमानित गरेर लङ्काबाट निष्कासन गऱ्यो । अन्ततः उसको साम्राज्य खरानी भयो । रावणको पराजय रामको शक्तिले मात्र भएको थिएन; आफ्ना हितैषीहरूको सही सल्लाह अस्वीकार गर्ने उसको अहङ्कार पनि त्यसको प्रमुख कारण थियो । विद्वत्ता, शक्ति र वैभवले मानिसलाई महान् बनाउँदैनन्, ती सबैलाई सही दिशामा प्रयोग गर्न सक्ने विवेकले मात्र महान् बनाउँछ ।

इतिहासका पानाहरू पल्टाउँदा पनि यस्ता दृष्टान्त प्रशस्तै भेटिन्छन् । सन् १९१२ मा समुद्री यात्रामा रहेको टाइटानिक जहाजलाई आसपासका अन्य जहाजहरूले हिमशिलाको उपस्थितिबारे रेडियो सन्देशमार्फत पटकपटक चेतावनी दिएका थिए । तर, ती चेतावनीलाई पर्याप्त गम्भीरतापूर्वक लिइएन र जहाज तीव्रगतिमा अगाडि बढिरह्यो । अन्ततः हिमशिलासँग ठोक्किएर संसारकै चर्चित समुद्री दुर्घटनामध्ये एक भयो । एक हजार पाँच सयभन्दा बढी मानिसले ज्यान गुमाए । प्रविधि, वैभव र आधुनिकताको घमण्डले प्रकृतिको चेतावनीलाई बेवास्ता गर्दा कस्तो मूल्य चुकाउनुपर्छ भन्ने यो दुःखद उदाहरण हो ।

त्यस्तै, सन् १९८६ मा अमेरिकाको अन्तरिक्षयान च्यालेन्जर दुर्घटनामा सात जना अन्तरिक्षयात्रीको मृत्यु भयो । उडानअघि इन्जिनियरहरूले अत्यधिक चिसो तापक्रममा रकेटका ओ-रिङ सिलमा समस्या आउन सक्ने भन्दै उडान स्थगित गर्न सिफारिस गरेका थिए । तर, व्यवस्थापकीय निर्णय प्रक्रियामा ती प्राविधिक चेतावनीलाई पर्याप्त महत्त्व दिइएन । उडान भएको ७३ सेकेन्डमै अन्तरिक्षयान दुर्घटनाग्रस्त भयो । दुर्घटनापछिको अनुसन्धानले निर्णय प्रक्रियामा गम्भीर कमजोरी रहेको निष्कर्ष निकाल्यो । यस घटनाले एउटा महत्त्वपूर्ण पाठ सिकायो, पद र अधिकारमा बस्ने मानिसले विशेषज्ञको कुरा सुन्न जानेन भने उसको गलत निर्णयको मूल्य निर्दोष मानिसले आफ्नो जीवन दिएर चुकाउनुपर्ने हुनसक्छ । टाइटानिक र च्यालेन्जरका दुर्घटना केवल प्राविधिक असफलताका कथा होइनन्, चेतावनी सुन्ने संस्कार र निर्णयकर्ताको जिम्मेवारीबारे दिइएका गम्भीर पाठ पनि हुन् ।

यस्तो प्रवृत्ति व्यक्तिको जीवनमा मात्र सीमित रहँदैन । यसको प्रभाव परिवार, समाज, संस्था, राजनीतिक दल र राष्ट्रसम्म फैलिन्छ । परिवारमा बाबुआमाले छोराछोरीको जायज सुझाव नसुन्नु, छोराछोरीले अभिभावकको अनुभवलाई बेवास्ता गर्नु र श्रीमान्-श्रीमतीले एकअर्काको भावना तथा विचारलाई महत्त्व नदिनुजस्ता सामान्य देखिने व्यवहारले सम्बन्धमा दरार उत्पन्न गर्छन् । आफ्नो गल्ती स्वीकार गर्न नसक्ने र अरूको कुरा सुन्न नचाहने स्वभावले सानो विवादलाई ठुलो बनाउँछ । कतिपय परिवारमा वर्षौंसम्म बोलचाल बन्द हुनु, सम्बन्धविच्छेद हुनु र सम्पत्तिका लागि मुद्दामामिला चल्नुको पछाडि पनि अहङ्कार र संवादहीनताको ठुलो भूमिका हुन्छ । परिवार भत्काउन सधैँ ठुलो दुर्घटना आवश्यक पर्दैन, एकअर्काको कुरा सुन्न नसक्ने अहङ्कार नै पर्याप्त हुन्छ ।

सबै सल्लाह सही हुँदैनन् र सबै आलोचक शुभचिन्तक पनि हुँदैनन् । कसैले आफ्नो स्वार्थका लागि पनि सल्लाह दिन सक्छ, कसैले ईर्ष्यालेपनि आलोचना गर्न सक्छ । त्यसैले अरूले भनेका सबै कुरा आँखा चिम्लेर मान्नुपर्छ भन्ने होइन । मुख्य कुरा सल्लाहको स्रोत, उद्देश्य, तर्क र परिणामलाई विवेकको कसीमा जाँच्न सक्नु हो । आफ्नो प्रशंसा गर्ने मानिसभन्दा आफ्नो कमजोरी देखाइदिने मानिस बढी उपयोगी हुन सक्छ । आफूलाई असहज लाग्ने प्रश्न नै कहिलेकाहीं सबैभन्दा आवश्यक प्रश्न हुनसक्छ । सल्लाह सुन्नु र सल्लाह मान्नुबिच विवेकको स्थान रहनुपर्छ । विनम्र हुनु भनेको विवेक गुमाउनु होइन, बरु विवेक प्रयोग गर्न अहङ्कारलाई बाधक बन्न नदिनु हो ।

मानिसले जीवनमा कहिल्यै गल्ती नगर्नु असम्भव छ । तर गल्ती भएपछि त्यसलाई स्वीकार गर्न नसक्नु सबैभन्दा ठुलो गल्ती हो । गल्ती स्वीकार गर्ने मानिस सानो हुँदैन, बरु उसको व्यक्तित्व अझ ठुलो हुन्छ । आफूभन्दा सानासँग सिक्न सक्ने, आफूभन्दा फरक विचार सुन्न सक्ने र आवश्यक पर्दा आफ्नो निर्णय सच्याउन सक्ने मानिस नै वास्तविक अर्थमा ज्ञानी हो । उपनिषद्को ज्ञान परम्परादेखि आधुनिक वैज्ञानिक अनुसन्धानसम्म प्रश्न गर्ने, सुन्ने, परीक्षण गर्ने र आवश्यक पर्दा पुरानो मान्यतालाई सच्याउने संस्कारले नै ज्ञानको विकास गरेको छ । आफूलाई सबै कुरा थाहा छ भन्ने मानिसले नयाँ कुरा सिक्ने ढोका आफैँ बन्द गरिरहेको हुन्छ ।

अन्ततः मानिसले अरूको सल्लाह सुन्ने संस्कार विकास गर्नुपर्छ । परिवारमा संवाद, समाजमा सहिष्णुता, संस्थामा आलोचनात्मक चेतना र राजनीतिमा जनउत्तरदायित्व स्थापित हुनुपर्छ । नेतृत्वले प्रशंसकहरूको भिड होइन, सत्य बोल्न सक्ने सल्लाहकार खोज्नुपर्छ । नागरिकले पनि आफ्नो मनपर्ने नेताको मात्र होइन, आफूलाई मन नपर्ने पक्षको तर्कसमेत सुन्ने धैर्य राख्नुपर्छ । किनभने सत्य कुनै व्यक्ति, दल वा पदको निजी सम्पत्ति होइन ।

त्यसैले, त्यो पुरानो लोकगीतको भाव आज पनि उत्तिकै सान्दर्भिक छ । राम्रो सुझाव दिने मानिसलाई नराम्रो ठान्ने प्रवृत्ति बदल्न नसक्ने हो भने हामीले आफ्नो गल्तीको मूल्य बेहोर्नै पर्छ । कसैले सम्झाउँदा रिसाउनुको सट्टा एकपटक रोकिएर सोचौं, कसैले आलोचना गर्दा प्रतिवाद गर्नुअघि उसको तर्क सुनौं र कसैले हाम्रो कमजोरी देखाइदिँदा उसलाई शत्रु होइन, सम्भावित शुभचिन्तक ठानौं । किनभने, जीवनमा सबैभन्दा ठुलो दुर्भाग्य गल्ती गर्नु होइन, गल्ती गरिरहेको छु भन्ने कुरा सम्झाइदिने मानिससमेत आफ्नो वरिपरि नहुनु हो । अझ ठुलो दुर्भाग्य त आफूलाई सम्झाउन आउने अन्तिम मानिसलाई पनि शत्रु ठानेर धपाउनु हो । सम्झाउने मानिसहरू बाँकी रहुञ्जेल सुधारको सम्भावना बाँकी रहन्छ; जब सबैले सम्झाउन छाड्छन्, तब बुझ्नुपर्छ, विनाशको यात्रा धेरै अगाडि बढिसकेको छ ।

कविता

देश खाल्डोमा किन ?

✍ माया

पालैपालो सिंहदरबार पुग्नेहरू
खोइ देश बन्यो कहाँ ?
ऋणमाथि ऋण थप्यौ तिमीले
खोइ देश बन्यो कहाँ ?
जनतालाई जवाफ देऊ तिमीले
देश खाल्डोमा किन ?

परायालाई नदीनाला किन दियौ ?
जल जङ्गल दियौ किन ?
तिमीमा देशभक्ति कहाँ छ ?
परायाको गोटी बन्यौ
तिमी देशभक्त साँच्चै हौ भने
देश खाल्डोमा किन ?

नेपालले कसैको जग्गा मिचेको छैन
मिचेको छ भन्छौ किन ?
नेपाल कसैको खेलौना होइन
खेलौना बनाउँछौ किन ?
युरेनियम परायालाई किन दिन्छौ ?
देशघाती किन भयौ ?

लाजसरम नभएकाहरू

✍ साहिँला

पशुलाई दाम्लोले बाँधिन्छ
मान्छेलाई लाजसरमले
लाजसरम गुमाएको मान्छे
महापशु बनी हिँड्छ ।

लाजसरम नभएपछि
मान्छेले विवेक गुमाएपछि
सत्यलाई असत्य
असत्यलाई सत्य देख्छ ।

आफूले कहिल्यै बनाउँदैन
बनाएको बिगार्छ मात्रै
बाँदर स्वभाव देखाउँदै
आफैलाई महान् ठान्छ ।

लाजसरम पचाए पछि
बुद्धिहीन भएर उसले
कालोलाई सेतो भन्छ
सेतोलाई कालो भन्छ ।

नेताहरूले विवेक बन्धकी राखेपछि
मातृभूमि मिचेको देख्दैन
किनभने मिचाहा विस्तारवादी त
उसकै मालिक भएपछि ।

सहकारी ठग, भ्रस्टाचारी
कमिशनखोर, बलात्कारी
हत्यारा, डाँकाहरू त पहरेदार
पुँजीवादका मतियार ।

लाजसरम नभएकाहरूलाई
स्वाभिमान देशभक्ति भाव
राजनीति मागी खाने भाँडो
अन्हाएको गर्ने, दिएको खानेहरू ।

कठपुतलीहरूको लागि
भस्मासुरहरूका लागि
कालै घसी हिँड्नेहरूलाई
प्यारो लाग्छ खरानी त ।

जनता भन्छन्- 'कस्ता शासक नेताहरू' !
लाज सरम नभएका
खरानी घसी हिँडनेलाई भन्दा
हेर्नेलाई लाज ।

मेरो सहरका मान्छेहरू

✍ प्रकाश धौबजी

आँखा अगाडिका दृश्यहरू नदेखेझैं गर्छन् ।
त्यस्तै, परे आँखा चिम्लेर हिँड्छन् ।
सायद यो सहर
'अन्धो' बन्ने लाइनमा उभिएको छ ।
मेरो सहरका मान्छेहरू

कुनै विषयमा चासो नभएझैं गर्छन् ।
भित्रभित्रै गुमनाम धड्कनमा तरङ्गित हुन्छन् ।
बाहिर प्रतिक्रियाविहीन निर्जीवझैं गर्छन् ।
सायद यो सहर यन्त्रवत 'लाटो' बन्दै छ ।
मेरो सहरका मान्छेहरू

जम्न लागेको पानीझैं स्थिर छन् ।
न्याउली चराका विरह गीतहरू
अनि श्रावणका मेघ गर्जनहरू सुन्दैनन् ।
सायद यो सहर
कानमा झिर रोपेर 'बहिरो' बन्न लालायित छ ।

मेरो सहरमा
अल्गोरिदमबाट सङ्क्रमितहरूको ताण्डव छ ।
प्रजातन्त्र उनीहरू पढाउँछन् ।
कानुन उनीहरू सिकाउँछन् ।
यो सहर आज
रेबिजले आक्रान्त बनेको छ ।
इतिहास साक्षी छ ।

'पृथ्वीले सूर्यलाई घुम्छ' भन्दै
अर्थोडक्सहरूका विरूद्ध
अडिग भएर उभेका
कोपर्निकसहरू
अनि
'ईश्वर' को इच्छाविरूद्ध
जीव उत्पतिको सिद्धान्त प्रतिपादन गरेका
डार्विनहरू
सहरमा
अझै जिउँदै छन् ।

नेपालै हाँस्थ्यो कि

✍ जयन्त पैडेल 'आश्रम'

आहा कति रमाइलो हुन्थ्यो
फेरि त्यस्ता नेताहरूको
जन्मै यहाँ हुनै सके
नेपालै हाँस्थ्यो कि ? ।१।

हुन पनि उनीहरूको देनै त्यस्तो
पुग्दैन जति भनेनि
र त थियो त्यतिबेला
कहलिएको देशै नेपाल ।२।

त्यस्ता त्यस्ता नेताहरूबाट
अहिलेकाहरूले सिक्नै सके
केही कतै हुन्थ्यो कि ?
हुनुपर्ने जस्तो ।३।

तर, नदुखेको टाउको हो
कसले फेरि दुखाउने
आफू बन्नै छाडी छाडी
बेकारैको नचाहिँदो कुरा ।४।

पुर्खाले सिर्जनु परेको सिर्जे
त्यसो भन्दैमा सबैले
किन पो हो बनाउनै पऱ्यो
नदुखेको टाउको दुखाइ ।५।

फेरि एउटाले मात्रै गरेर
आखिर हुने हो र !
जसरी चल्या छ चल्या
आफूलाई त पुगेकै छ ।६।

तैपनि यसलाई यसरी नटारौं
सिकौं भीमसेन थापाबाट
अनि अमर सिंहबाट
फाइदा पुग्ला अलि भए पनि ।७।

लघु कथा

सफा र सभ्य नगर

✍ निसान

नगरको एउटा पाटीमा जहाँ केही पत्रपत्रिका र पुस्तकालय थिए । त्यहाँ बिहानपख केही युवा र ज्येष्ठ नागरिक पत्रिका हेर्दै थिए । उनीहरू पत्रिकाको समाचार हेरेर देश विदेशको कुरा गर्दै थिए । त्यसमध्ये एक युवाले सफा र सभ्य नगर शीर्षकको समाचार पढ्दै गर्दा एक युवाले दुई सल्को चुरोट तानेर माथि धुवाँ फ्याके । उनले ठुटो चोर औंलाले झटकारेर बाटोमा फाले । त्यस्तै पाटीमा बसिरहेका एक ज्येष्ठ नागरिकले बाटोमा थुके । पत्रिका हेर्दै गरेका त्यस युवालाई त्यो दृश्य देखेपछि एकातिर बान्ता होला जस्तो भयो भने अर्कोतिर चुरोटको धुवाँ र गन्धले सास फेर्न गाह्रो भयो । सँगैका अरुलाई पनि त्यस्तै महसुस भयो ।

त्यस युवाले चुरोट खाने युवालाई किन बिहानैदेखि चुरोट खाएर त्यस्तो सफा र सुन्दर बाटोमा ठुटो फालेको भन्दा उनले जिस्केर एकछिनपछि अलि गम्भीर भएर भने, "मैले चुरोट तानेर तिमीलाई किन टाउको दुख्यो ? म चुरोट बिहानदेखि खाउँला नखाउँला, रक्सी पिउँला नपिउँला तिमीलाई के मतलब ? एकछिनपछि सोचेर फेरि उनले भने, 'के गर्नु साथी पहिला एकजना साथीले चुरोट र रक्सी खाएपछि पिर हट्छ, बुद्धि बढ्छ, रोग पनि निको हुन्छ भनेका थिए । घरमा स्वास्नीसँगको झगडाको पिर हट्छ भनेर चुरोट रक्सी अलिअलि खाएको नसा नै बस्यो । उनको कुरा सुनेर पत्रिका हेर्ने युवाले भने, "त्यसरी चुरोट, रक्सी खाँदैमा पिर हट्ने, बुद्धि बढ्ने, खोकी, क्यान्सरलगायतका रोग निको हुने भए अस्पताल, डाक्टरको आवश्यकतै हुने थिएन । सबैले चुरोट रक्सी खान्थे । त्यो एक प्रकारको मन्द विष हो । त्यसले वरपरका अरु मानिसलाई पनि असर गर्छ । त्यो सबै खराब कुराबाट बच्न हामी सफा र सभ्य नगरको नागरिक हुन, स्वस्थ हुन चुरोट, रक्सीलाई त्याग्नुपर्छ । चुरोट त्यागेपछि त्यसको ठुटो बाटोमा फाल्ने समस्यै भएन । चुरोट खाने युवाले अबदेखि चुरोट र रक्सी त्यागेर सभ्य नागरिक बन्छु भनेर छातीमा हात राखेर प्रण गरे ।

त्यस पत्रिका पढ्ने युवाले ढुङ्गा छापेको त्यस्तो सफा र सुन्दर बाटोमा थुक्ने ज्येष्ठ नागरिकलाई हजुरले अशोभनीय हुने गरी किन थुकेको भन्दा जवाफमा भने; तेरो टाउकोमा थुक्ने त ? बाटोमा नथुकिकन कहाँ थुक्ने ? नचाहिने कुरा गर्छौं । युवाले सम्झाउँदै ज्येष्ठ नागरिकलाई भने, "हजुरले मेरो टाउकोमा थुक्दैमा बाटो नगर सफा हुने, हजुर सभ्य नागरिक हुने, रोग नलाग्ने, नफैलिने भए म हजुरको खकार टाउकोमा थाप्न तयार छु । अनि हजुरको इज्जत कहाँ जान्छ ? हामी सबै मिली सफा, सुन्दर बनाएको बाटोमा, त्यस्तो नगरका सभ्य नागरिक भनेर विश्वमा प्रचार भएका हामी कस्ता नागरिक हुन्छौं ? हामी सबै मिलेर (भक्तपुर) नगरपालिकाको साथ र सहयोगमा हाम्रो नगरलाई सफा र सुन्दर बनायौं । बरु, खकार आयो भने नजिकैको निकासमा भित्र पस्ने गरी थुक्दा भइहाल्छ नि । विदेशी पाहुनाहरूले जहाँ पायो त्यही थुक्दैनन् । केही गरी थुक आयो भने आफ्नै रुमालमा थुकी पोको पारेर लान्छन् । त्यही भएर यहाँ देशी विदेशी, पर्यटक पाहुनाहरू ओइरिएको होला होइन बाबु ? त्यस्तो केही कुरा थाहा भएन । अबदेखि तिमीले भनेजस्तो गर्छु अरु ज्येष्ठ नागरिकहरूलाई पनि सम्झाउँछु । आफूले थुकेको खकार धुलोले छोपेर उनले सफा गरे । खाना खाने समय भएकोले सबै घरतिर गए ।

डिजिटल शासनमा विश्वव्यापी सुधार राष्ट्रसङ्घीय सर्वेक्षण

संयुक्त राष्ट्रसङ्घ, २० नोभेम्बर (सिन्ह्वा)। विश्वभर डिजिटल सरकारी सेवामा सुधार हुँदै गए पनि विभिन्न देशबिच डिजिटल विकासको असमानता अझै कायम रहेको संयुक्त राष्ट्रसङ्घको नयाँ सर्वेक्षणले देखाएको छ।

बिहीबार सार्वजनिक गरिएको सन् २०२६ को संयुक्त राष्ट्रसङ्घीय ई-गभर्नेन्स सर्वेक्षणअनुसार डिजिटल सरकारको विकासमा दक्षिण कोरिया विश्वकै पहिलो स्थानमा रहेको छ।

सन् २०२६ को मूल्याङ्कनमा संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्र र प्यालेस्टाइनसहित कुल १९४ देशलाई समेटिएको छ। उत्कृष्ट १० देशमा दक्षिण कोरियापछि डेनमार्क, सिङ्गापुर, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, आइसल्यान्ड, बेलायत, इस्टोनिया, फिनल्यान्ड र अस्ट्रेलिया रहेका छन्।

अनलाइन सेवाको पहुँच तथा गुणस्तर, दूरसञ्चार पूर्वाधार र मानव पुँजीका आधारमा देशहरूको मूल्याङ्कन गरिएको सर्वेक्षणमा उल्लेख छ।

अत्यन्त उच्च ई-गभर्नेन्स विकास समूहमा पर्ने देशको सङ्ख्या सन् २०२४ मा १८ रहेकामा सन् २०२६ मा बढेर २१ पुगेको छ। यस समूहमा आयरल्यान्ड, कजाकिस्तान र पोल्यान्ड पहिलोपटक प्रवेश गरेका छन् भने अमेरिका पुनः समावेश भएको छ।

त्यस्तै, मूल्याङ्कन गरिएका १९४ देशमध्ये १५१ देश उच्च वा अत्यन्त उच्च ई-गभर्नेन्स विकास सूचकाङ्क (ईजीडीआई) समूहमा परेका छन्। सन् २०२४ मा यस्तो सङ्ख्या १३८ थियो।

विश्वको औसत ईजीडीआई सन् २०२४ को ०.६३८२ बाट बढेर सन् २०२६ मा ०.६६७५ पुगेको छ। यो ४.६ प्रतिशतको वृद्धि हो। यद्यपि, १० देश अझै न्यून विकास समूहमा रहेको सर्वेक्षणले जनाएको छ।

क्षेत्रगत रूपमा सबै क्षेत्रमा डिजिटल सरकारी सेवाको विकास भएको छ। युरोप पहिलो स्थानमा रहेको छ भने त्यसपछि एसिया, अमेरिका, ओसिनिया र अफ्रिका रहेका छन्। ओसिनियामा १५.५ प्रतिशत र अफ्रिकामा १०.५ प्रतिशतको तुलनात्मक वृद्धि देखिएको छ।

तर, अफ्रिकाको करिब ८७ प्रतिशत जनसङ्ख्या विश्वको औसत ईजीडीआईभन्दा कम भएका देशमा बसोबास गर्छ। अति कम विकसित देशहरूमा औसत ईजीडीआई १६ प्रतिशतले बढे पनि डिजिटल असमानता अझै उल्लेख्य रहेको छ।

विश्वभर करिब एक अर्ब ९५ करोड मानिस अर्थात् कुल जनसङ्ख्याको झन्डै एक चौथाइ हिस्सा विश्वको औसतभन्दा कम ई-गभर्नेन्स विकास भएका देशमा बसोबास गरिरहेको सर्वेक्षणले देखाएको छ। यो सङ्ख्या सन् २०२४ को तुलनामा पाँच करोड ३३ लाखले बढी हो।

स्थानीय तहमा पनि डिजिटल सेवाको विस्तार भइरहेको छ। अत्यन्त उच्च स्थानीय अनलाइन सेवा सूचकाङ्क (एलओएसआई) समूहमा पर्ने सहरको सङ्ख्या सन् २०२४ मा ४२ रहेकामा सन् २०२६ मा बढेर ६८ पुगेको छ। दुबई, म्याड्रिड, मनामा, रियाद, साओ पाउलो र भियनाले उच्चतम अङ्क प्राप्त गरेका छन्।

सर्वेक्षणले कृत्रिम बुद्धिमत्ता (एआई) आधारित सार्वजनिक प्रशासनको विकासलाई डिजिटल सरकारको नयाँ चरणका रूपमा चित्रण गरेको छ। एआई प्रणालीले सरकारी कामको समन्वय, नागरिकका आवश्यकता पूर्वानुमान र सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन सक्ने उल्लेख गरिएको छ।

तर, यस्तो प्रविधिको प्रयोगमा सरकारी अधिकारीको उत्तरदायित्व, विश्वसनीय तथ्याङ्क, साइबर सुरक्षा, मानवीय निगरानी र निर्णय प्रक्रियाको पारदर्शिता अनिवार्य हुनुपर्ने राष्ट्रसङ्घले जोड दिएको छ।

सर्वेक्षण सार्वजनिक कार्यक्रममा राष्ट्रसङ्घका आर्थिक तथा सामाजिक मामिलासम्बन्धी सहायक महासचिव नाविद हनिफले डिजिटल विभाजन अब विकासको विभाजनमा रूपान्तरण हुँदै गएको बताउनुभयो।

उहाँले प्रविधिको विकाससँगै पारदर्शी, जवाफदेही र नागरिकप्रति उत्तरदायी सरकारी संस्थाको आवश्यकता औँल्याउनुभयो।

संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक मामिला विभागले प्रत्येक दुई वर्षमा ई-गभर्नेन्स सर्वेक्षण प्रकाशन गर्दै आएको छ।

चामुण्डा माध्यमिक विद्यालय तथा पूर्वविद्यार्थी समाज

- 'प्रतीज, दैलेख

दैलेख, मङ्सिर ४। पुर्खाले सिर्जना गरेका मौलिक कला, संस्कृति, संस्कार, परम्परा, रीतिरिवाज, लोकगीत, लोकनृत्य तथा जीवनशैलीको संरक्षण र नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले दैलेखको चामुण्डा माध्यमिक विद्यालय तथा पूर्वविद्यार्थी समाजले महत्त्वपूर्ण पहल अघि बढाएको छ।

विद्यालय तथा पूर्वविद्यार्थी समाजका संयोजक जयप्रसाद तिमिल्सेनाको संयोजकत्वमा मङ्सिर ३ गते बसेको बैठकले चामुण्डा क्षेत्रका लोपोन्मुख तथा ओझेलमा पर्दै गएका रैथाने सांस्कृतिक सम्पदाको खोजी, पहिचान, संरक्षण र प्रवर्द्धनका लागि बृहत् सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो।

बैठकले सांस्कृतिक अभियानलाई व्यवस्थित रूपमा अगाडि बढाउन मूल समिति गठन, कार्यक्रमको मिति निर्धारण, सांस्कृतिक सम्पदाको पहिचान तथा छनोट, कलाकारहरूको पहिचान र आर्थिक व्यवस्थापनका लागि छुट्टाछुट्टै जिम्मेवारी तथा समिति गठन गर्ने विषयमा निर्णय गरेको छ।

रैथाने कला र संस्कृतिको पहिचान तथा संरक्षण

बैठकमा चामुण्डा क्षेत्रका मौलिक तथा पुस्तान्तरण हुँदै आएका विभिन्न सांस्कृतिक गतिविधि र सम्पदाको पहिचान गरिएको छ। पहिचान गरिएका सांस्कृतिक गतिविधिहरूमा देउडा खेल, महिला देउडा खेल, हुडी, मागल, भैली, माउली नाच, सल्लेरी, हुड्के नाच, नरवर नाच, पञ्चेबाजा, लोकदोहोरी, बालो नाच, भैली खेल, सोरठी नाच, अष्टम तथा ठाडी भाकालगायतका विधा समेटिएका छन्।

यी मौलिक सांस्कृतिक विधाहरू मनोरञ्जनका माध्यम मात्र नभई चामुण्डा क्षेत्रको ऐतिहासिक पहिचान, सामाजिक सम्बन्ध, सामूहिक जीवनशैली, पुर्खाको ज्ञान, सीप र सिर्जनशीलताका जीवन्त प्रमाण हुन्। यिनको वास्तविक स्वरूप, प्रस्तुति शैली, प्रयोग हुने सामग्री, गीतका शब्द, भाका र ऐतिहासिक पृष्ठभूमिसमेत खोजी गरी अभिलेखीकरण गर्ने अभियानको उद्देश्य रहेको छ।

नयाँ पुस्तालाई पुर्खाको सम्पदासँग जोड्ने प्रयास

पछिल्लो समय आधुनिकता, बसाइँसराइ, प्रविधिको बढ्दो प्रभाव र पुस्तान्तरणको कमजोर हुँदै गएको अभ्यासका कारण कतिपय मौलिक सांस्कृतिक विधा हराउने जोखिममा छन्। कतिपय कला र परम्परा जान्ने अग्रज पुस्ता क्रमशः घट्दै गएको अवस्थामा समयमै तिनको खोजी र अभिलेखीकरण गर्नु आवश्यक देखिएको छ।

यस अभियानमार्फत अग्रज पुस्तासँग रहेको ज्ञान, सीप, अनुभव र सांस्कृतिक सम्पदालाई नयाँ पुस्तासम्म पुऱ्याउने, विद्यालयका विद्यार्थीलाई आफ्नो मौलिक पहिचानसँग परिचित गराउने तथा स्थानीय कलाकार र संस्कृतिका जानकार व्यक्तिहरूलाई सम्मान र प्रोत्साहन गर्ने लक्ष्य राखिएको छ।

कार्यक्रम सञ्चालनका लागि समिति तथा जिम्मेवारी निर्धारण

बैठकले अभियानलाई प्रभावकारी बनाउन मूल समिति तथा विभिन्न सांस्कृतिक विधाको जिम्मेवारी सम्हाल्ने सदस्यहरूको व्यवस्था गरेको छ। कार्यक्रमको आर्थिक व्यवस्थापन, स्रोत परिचालन तथा पारदर्शिताका लागि छुट्टै आर्थिक समिति गठन गर्ने निर्णय गरेको छ।

बैठकको निर्णयअनुसार आगामी माघ ३ गते सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने मिति तय गरिएको छ। विद्यालयबाट समुदाय र समुदायबाट पुस्तान्तरणको अभियान

चामुण्डा माध्यमिक विद्यालयले शिक्षालाई पाठ्यपुस्तक र कक्षाकोठामा मात्र सीमित नराखी स्थानीय ज्ञान, सीप, कला, संस्कृति र जीवनपद्धतिसँग जोड्ने प्रयास गरेको छ। विद्यालय तथा पूर्वविद्यार्थी समाजको यो पहलले विद्यालय, अभिभावक, पूर्वविद्यार्थी, स्थानीय कलाकार, बुद्धिजीवी, संस्कृतिप्रेमी र समुदायका अग्रजहरूलाई एउटै अभियानमा जोड्ने अपेक्षा गरिएको छ।

यो अभियानलाई एउटा दिनको सांस्कृतिक प्रदर्शनमा मात्र सीमित नराखी दीर्घकालीन रूपमा सांस्कृतिक सर्वेक्षण, तथ्याङ्क सङ्कलन, तस्बिर तथा भिडियो अभिलेखीकरण, लिखित दस्तावेज निर्माण र स्थानीय सांस्कृतिक सङ्ग्रहालयको अवधारणासँग जोड्न सके अझ प्रभावकारी हुनेछ।

हाम्रो संस्कृति हाम्रो पहिचान हो। पुर्खाको सम्पत्ति संरक्षण गर्नु वर्तमान पुस्ताको जिम्मेवारी र भावी पुस्ताप्रतिको दायित्व हो।

चामुण्डाबाट सुरु हुन लागेको यो अभियानले स्थानीय मौलिकता जोगाउने मात्र नभई कर्णाली प्रदेशको सांस्कृतिक पहिचानलाई राष्ट्रिय स्तरमा चिनाउनसमेत महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

कार्की..

नेपाल विशेष सेवा नियमावली, २०४४ मा इन्टेलिजेन्स भत्ताको व्यवस्था भए पनि पछिल्लो समय प्राप्त भएको छैन।

Hard Core Intelligence प्राप्तिका अत्याधुनिक उपकरणहरूको अभाव रहेको तथा अझै टेक्निकल इन्टेलिजेन्सभन्दा ह्युमन इन्टेलिजेन्समा निर्भर रहनु संस्थागत बाध्यता रहेको छ। आएका सूचनाहरूको पनि सही मूल्याङ्कन भएन र जे जति मूल्याङ्कन भए पनि त्यसलाई in depth लिने कार्य मातहत निकायले गरेन। राष्ट्रिय अनुसन्धानले दिने strategic information मात्र हेरेर जे जति information आएको थियो त्यसको पनि यथेष्ट study भएन/ भए पनि फितलो भयो।

यस संस्थामा रहेका करिब २००० कर्मचारीको लागि न उपयुक्त तालिमको व्यवस्था छ न त Technology नै छ। जे छ त्यो पनि अति पुरानो छ र समय सापेक्ष छैन।

सुधारका प्रयास

वि.सं. २०७६ सालमा तत्कालीन सरकारले नेपाल विशेष सेवाको गठन र सञ्चालन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सदनमा प्रस्तुत गऱ्यो। राष्ट्रिय सभाबाट पारित भई उक्त विधेयक प्रतिनिधिसभामा पुग्यो तर विरोध हुन थाल्यो। पछि शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा उक्त विधेयक नै फिर्ता लिए।

ओलीको सरकारले राष्ट्रिय गुप्तचर ऐन २०८२ शीर्षकको एउटा विधेयक तर्जुमा गरेको थियो। विधेयकमा गुप्तचर सेवामा साधारण समूह, प्राविधिक समूह र विशेष समूह गरी तीनवटा समूह र यसका कर्मचारी तथा एजेन्टहरू मुलुक बाहिर पनि राख्न सकिने व्यवस्था थियो। जसलाई छुट्टै र विशिष्टकृत रूपमा राख्न प्रस्ताव गरिएको थियो। जुन एनआइडीकै एउटा स्पेसिफाइड युनिटको रूपमा रहने व्यवस्था गरिएको थियो। तर, यी प्रयासहरू सफल हुन सकेनन्।

राष्ट्रिय गुप्तचर ऐनमा संशोधन हुन नसक्नुको मुख्य कारण यो ऐनले 'सरकारविरोधी र मिडियामा अनावश्यक नियन्त्रण गर्नेछ भन्ने त्रास राजनैतिक वृत्त र मिडियामा रहनु नै हो। फरक अवस्थामा प्रस्तुत भएका विधेयकहरूमा विरोध हुनुका खास कारण भने यसमा रहेको फोन टेपिङलगायत इन्टरसेप्सनको प्रावधान हो। यस्ता विवादित विधेयकलाई थप प्रस्ट्याउँदै आम नागरिकको अधिकार कसरी सुनिश्चित गर्ने भन्ने विषयमा थप अन्तरक्रिया हुन आवश्यक देखिन्छ।

समाधान

प्रविधिको दुरूपयोग गरी आपराधिक क्रियाकलाप वृद्धि भइरहेको यस युगमा cyber crime तथा digital crime मा उल्लेख्य वृद्धि भएको छ। यसकारण, देशलाई एक सक्षम र आधुनिक प्रविधिबाट सुसज्जित अनुसन्धान विभाग अपरिहार्य हुन पुगेको छ। यसको समाधानका लागि निम्न प्रकारका उपाय अवलम्बन गर्नु जरुरी छ :

विद्यमान कानुनी तथा नीतिगत सुधार, साङ्गठनिक पुनः संरचना जनशक्ति तथा स्रोत-साधनको उचित व्यवस्थापन, समय सापेक्ष सूचना प्रविधिको उपलब्धता र प्रति-गुप्तचरीको संस्थागत सुरुआतलाई जोड दिएको खण्डमा NID लाई तत्काल राज्यका अपेक्षाबमोजिमका सूचना प्राप्त गर्ने एक सबल, सक्षम र व्यवसायिक सङ्गठनको रूपमा स्थापित गर्न सकिन्छ। समय सापेक्ष विभागीय सुधार एवम् कार्यक्षेत्र सहजीकरणका लागि 'राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' यथाशीघ्र पारित गरी लागू गर्नुपर्छ।

राष्ट्रिय सुरक्षासँग सम्बन्धित सबै सुरक्षा निकायलाई प्रविधिमैत्री बनाई सोबाट प्राप्त हुने सूचनालाई सबै सुरक्षा निकायको पहुँचमा पुऱ्याउनका लागि कार्यकारी प्रमुखको मातहतमा रहने गरी एक उच्च स्तरको Inter Agency Information Sharing Centre को निर्माण गर्नु जरुरी छ।

नेपालमा अवकाश प्राप्त अधिकारीहरूलाई राज्यले सक्रिय रूपमा engage गर्ने प्रचलन छैन। त्यस्ता व्यक्तिहरूले आर्जन गरेको सीपलाई बचाई राख्न पनि तिनलाई कुनै न कुनै रूपमा संलग्न गराइनुपर्छ।

राष्ट्रिय सुरक्षा परिषद्मा Demotivated मान्छे पठाइएको छ। त्यहाँ सबैभन्दा बढी motivated मान्छे हुनुपर्ने ठाउँ हो। यसकारण, निष्पक्ष रूपबाट सक्षम व्यक्तिहरू यस संस्थामा पठाउने व्यवस्था गरिनुपर्छ।

Inter–agency coordination राम्रो हुनु जरुरी छ।

Social Media मा आउने disinformation मा लगातार निगरानी गरेर नियन्त्रण पनि गर्नुपर्छ।

'राष्ट्रिय अनुसन्धान विभागले पठाएको सिलबन्दी खामहरू प्रधानमन्त्री कार्यालयमा खोलिएन' भन्ने समाचार देखियो। मुख्य सचिवको तोडफोड भएको पुरानो कार्यकक्षमा २०८२ असारमा विभागले पठाएका सिलबन्दी खाम त हामीले आयोगको कार्यालय त्यहाँ राख्दा फेला पारेका थियौँ। यसबाट गुप्तचरले पठाएको सूचना पनि नहेरिने गरेको देखिन आयो।

बाल अधिकारको रक्षा गरौं

- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बाल- बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

पुँजीवादी...

जानु मात्र हो ? के पुँजीवादी सरकारको नेतृत्व गरेर कम्युनिस्ट पार्टीको लक्ष्यअनुसार देशमा आमूल परिवर्तन गर्नसक्छ ? आमूल परिवर्तनको बाटो नलिने हो भने 'कम्युनिस्ट पार्टी' को नाउँ राख्नुको के अर्थ ? मार्क्सवाद र लेनिनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्त मान्नुको के अर्थ रह्यो ? पुँजीवादी सरकारको नेतृत्व गरेर वर्गसङ्घर्ष कसरी हुन्छ ? पुँजीवादी सरकारको नेतृत्व गरेको दलले कोसँग वैचारिक सङ्घर्ष गर्ने ? के पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्था एउटै हो ? पुँजीवादी व्यवस्थामा रहेर पुँजीवादी राजनीति गर्ने दलले कम्युनिस्ट पार्टीको नाउँ किन राख्नुपऱ्यो ? के जनताको विश्वास जित्न र कम्युनिस्टको मत पाउन पार्टीलाई कम्युनिस्ट भनिएको हो ? कम्युनिस्ट पार्टी नै हो भने देशमा पुँजीवादी व्यवस्था फालेर समाजवादी व्यवस्था स्थापना गर्न कम्युनिस्टको राजनीति गर्नुपर्दैन ? के मार्क्सवाद - लेनिनवाद देखाउने दाँत हो ? कम्युनिस्ट पार्टीको बखान गरेर के पुँजीवादी राजनीति गर्नु जनतालाई धोका दिनु होइन ? झूटको राजनीति गर्नु होइन ?

मार्क्सवाद र लेनिनवादबारे कार्यकर्तालाई सुसूचित पारेर देशभर सन्देश पुऱ्याउनुपर्ने एमालेको राष्ट्रिय भेलामा कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार कुरै उठाइएन। कम्युनिस्ट पार्टीको उद्देश्यअनुसार देशका शोषतपीडित जनताको राजनीतिक चेतना स्तर उठाउने काम भएन। देशको कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टीलाई अझ सङ्गठित र सुदृढ बनाउने विचार व्यक्त भएन। निर्वाचनमा जित्ने, सरकारमा जाने र अहिलेको सरकारले पकाउ गरे प्रतिकार गर्नेतर्फ राष्ट्रिय कार्यकर्ता भेला केन्द्रित भएको विश्लेषण लेखक तथा बुद्धिजीवीहरूले गरेका छन्। एमालेका अध्यक्ष केपी शर्मा ओलीले भने, "फेरि नेकपा एमाले सरकारमा जान्छ, कान खोलेर सुने हुन्छ। समृद्ध नेपाल, सुखी नेपालीको सपना देख्न छोड्दैनौँ।" देशभरबाट आएका अगुवा कार्यकर्ता भनिएको सो भेलामा एमालेका नेताहरूले देशमा आमूल परिवर्तन गरेर बहुमत जनताको सेवा गर्ने सन्देश दिनुभन्दा पुँजीवादी सरकारको प्रतिनिधित्व गरेर पुँजीवादी राजनीति गर्न सन्देश दिएको लेखक तथा बुद्धिजीवीहरूको भनाइ रहेको छ।

पुँजीवादी व्यवस्थामा थोर बहुत सुधार गरेर देशमा समाजवाद स्थापना हुँदैन। दुई चारवटा कानुन संशोधन गरेर आमूल परिवर्तन हुँदैन। आमूल परिवर्तनको बाटो नखोज्ने दल सच्चा कम्युनिस्ट पार्टी हुनेछैन। कम्युनिस्ट पार्टी भन्ने दलले कम्युनिस्ट पार्टीको उद्देश्यअनुसार राजनीति गर्नुपर्छ। बहुमत जनताको सेवामा अग्रसर हुनुपर्छ। कम्युनिस्ट पार्टी होइन भने पार्टीले मार्क्सवाद-लेनिनवाद मार्गदर्शक भन्न मिल्दैन। कम्युनिस्ट पार्टीको खोल ओढेर पुँजीवादी राजनीति गर्नु हुँदैन; पुँजीपतिवर्गको सेवा गर्नु हुँदैन। देशका कति कम्युनिस्ट पार्टीले कम्युनिस्ट पार्टीको भूमिका निर्वाह नगरेकै कारण नेपालको कम्युनिस्ट आन्दोलन अघि नबढेको हो; कम्युनिस्ट पार्टी बलियो नभएको हो। अतः हरेक कम्युनिस्ट पार्टीले आ-आफ्नो ठाउँमा समाजवादी प्रचार अभियान चलाउनुपर्छ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा